मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १४८ ● २०८१ साल वैशाख ०६ गते बिहिबार ● Thursday 18, April 2024 ● सूर्योदय: बिहान ५:३८ बजे ● सूर्यास्त: साँझ ६:३१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# श्रीरामको भव्य शोभा यात्रा

**बुधबार बिहान निकालिएको शोभायात्रामा मुस्लिम समुदायको समेत उल्लेख्य सहभागिता थियो । मुस्लिम समुदायका युवाले शोभायात्रामा सहभागीलाई सडकका विभिन्न स्थानमा बसेर चिसो पानी वितरण गरेका थिए । हिन्दू मुस्लिम धर्मावलम्बीको आपसी सद्भाव र भाइचाराको उत्कृष्ट नमूना मर्यादा पुरुषोत्तम श्रीरामको भव्य शोभायात्रामा देखिएको सहभागीहरुले बताए ।**



**मधेशदृष्टि**
**वीरगंज ।**
रामनवमी पर्वको अवसरमा वीरगंजमा मर्यादा पुरुषोत्तम श्रीरामको भव्य शोभा यात्रा निकालिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १० घडिअर्वास्थित श्री रामजानकी मन्दिरबाट हजारौँ नरनारी सम्मिलित शोभायात्रा निकालिएको हो । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको नेतृत्वमा निस्किएको शोभायात्राले नगर परिक्रमा गरेको थियो । झाँकीसहित बुधबार बिहान निकालिएको शोभायात्रामा मुस्लिम समुदायको समेत उल्लेख्य सहभागिता थियो । मुस्लिम समुदायका युवाले शोभायात्रामा सहभागीलाई सडकका विभिन्न स्थानमा बसेर चिसो पानी वितरण गरेका थिए ।

हिन्दू मुस्लिम धर्मावलम्बीको आपसी सद्भाव र भाइचाराको उत्कृष्ट नमूना मर्यादा पुरुषोत्तम श्रीरामको भव्य शोभायात्रामा देखिएको सहभागीहरुले बताए । वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले वीरगंजलाई धार्मिक पर्यटकीयस्थलका रूपमा स्थापित गर्ने हेतुले विभिन्न कार्यक्रम गर्दै आएको बताए । उनले ओझेलमा परेका धार्मिक स्थलको जीर्णोद्धार गरेर महानगरपालिकाले विभिन्न पर्व तथा मेला आयोजना गर्दै आएको र यसबाट एकातर्फ सामाजिक सद्भाव बढाउने काम भइरहेको तथा अर्कातर्फ स्वदेशी तथा छिमेकी मुलुक भारतका पर्यटकको वीरगंज आगमनमा वृद्धि भइरहेको बताए ।

शोभायात्रापछि मन्दिर परिसरमा धार्मिक परम्पराअनुसार भगवान श्रीरामको पूजा आराधना भएको छ । पूजा आराधनासँगै अपरान्ह ४ बजे रामायण झाँकीको आयोजना भएको थियो भने साँझ ६ बजे महाआरती गरिएको शोभायात्रा मूल समारोह समितिका संयोजक तथा वडा नम्बर १० का अध्यक्ष सुशील कुमार साहले बताए । वीरगंज महानगरपालिकाले झण्डै ७० वर्ष पुरानो रामजानकी मन्दिर अतिक्रमण मुक्त गरी सौन्दर्यकरण गरेर भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरको उद्घाटनकै दिन २०८० माघ ८ गते भगवान श्रीराम, माता सीता र हनुमानको मूर्तिको प्राण प्रतिष्ठासमेत गरेको थियो ।

श्रद्धा तथा भक्तिपूर्वक रामको पूजा आराधना गरी रामनवमी मनाइएको छ । हरेक वर्ष चैत शुक्ल नवमीमा यो पर्व मनाउने परम्परा छ । त्रेतायुगमा अयोध्यामा मर्यादा पुरुषोत्तम श्रीरामको जन्म भएको सम्झनामा राममन्दिरमा पूजापाठ गरी यो पर्व मनाइने गरिएको हो । भगवान श्रीरामले रावणलगायतका आसुरी शक्तिमाथि विजय प्राप्त गरेको पुराणमा उल्लेख छ ।

## सुखारीबाबा मठमा राममन्दिर शिलान्यास

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका नेता सुरेन्द्र प्रसाद चौधरीले पोखरिया नगरपालिका वडा नम्बर ९ सुखारीबाबा मठमा ४० लाख रुपैयाँको लागतमा निर्माण गर्न लागिएको रामजानकी मन्दिर शिलान्यास गरेका छन् । कार्यक्रममा पूर्वमन्त्री चौधरीले समाज र देशको विकासका लागि धार्मिक र सांस्कृतिक क्षेत्रको महत्वलाई बिर्सन नहुने बताए । शिलान्यास कार्यक्रममा पोखरिया नगरपालिकाका प्रमुख प्रद्युमन चौहान, पोखरिया नगरपालिकाका पूर्वनगरप्रमुख दीपनारायण रौनियार, उपभोक्ता समितिका अध्यक्ष रामबाबु चौहान, ललन द्विवेदी, शैलेन्द्र यादव, धिरेन्द्र पाण्डेलगायतका स्थानीयको उल्लेख्य सहभागिता थियो ।

## जनकपुरधाममा रामनवमीको उत्साह



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
त्रेता युगमा भगवान रामको जन्म भएको स्मरणमा प्रत्येक वर्ष मनाइने रामनवमी महोत्सवलाई लिएर जनकपुरको विभिन्न मठमन्दिरमा श्रद्धालुको बाक्लो उपस्थिति देखिएको छ । पुजापाठ गर्न बिहानैदेखि जनकपुरको प्रसिद्ध जानकी मन्दिर, राम मन्दिरसहितको
रामनवमीको पावन अवसरमा जनकपुरकाका मठमन्दिर र देवालयमा विशेष उत्सव आयोजना गरिएको थियो । भगवान रामको जन्म भएको समय अर्थात् दिउँसो १२ बजे हरेक मठमन्दिरमा विशेष पूजा र आरती गरिएको थियो ।

जानकी मन्दिर र राम मन्दिरमा बधाई गायनसहितको उत्सव मनाइएको थियो । जसमा हजारौँको संख्यामा श्रद्धालुको सहभागिता थियो । रामनवमी महोत्सवमा सहभागिताका लागि भारतका समेत श्रद्धालुको उपस्थिति थियो । जनकपुरको प्रसिद्ध तलाउ गंगा सागरमा स्नान गरी पूजापाठ गर्नेको घुइँचो देखिएको थियो ।

भगवान विष्णुका २४ अवतारमध्ये त्रेतायुगमा भएको रामअवतार रामायणमा विशेष वर्णित छ ।

धार्मिक शास्त्रअनुसार भगवान श्रीरामले परिवार, समाज र राज्यभित्र कायम हुनुपर्ने सबै मर्यादा कायम गरेका कारण उहाँलाई मर्यादा पुरुषोत्तम भनिएको हो । रामराज्यका नामले परिचित भगवान रामको राज्य न्यायका लागि नमूना मानिन्छ । यसैगरी, वासन्ती नवरात्रको अन्तिम दिनसमेत रहेको कारणले जनकपुरको विभिन्न स्थानमा निर्माण गरिएको दुर्गा पुजामा समेत उत्साह देखिएको थियो । देवी मन्दिरमा चण्डीपाठ र देवीपूजनका कार्यक्रम भएको थियो । हिन्दू परम्परामा असोज शुक्लपक्ष र चैत शुक्ल पक्षका अघिल्ला नौ दिन देवी पूजनका विशेष अवसर मानिँदै आएको छ । शरद् ऋतुमा पर्ने हुँदा असोज शुक्लपक्षको नवरात्रलाई शारदीय र चैत शुक्लपक्षको लाई वासन्ती भनिन्छ ।

चैती दशहारा पनि भनिने यो पर्वमा देवी पूजन गरेर बिसर्जन गरिने मैथिल परम्परा छ ।

## दुहबी गोबराहीमा चार वर्षपछि हाट



**विपिन यादव**
**जनकपुरधाम ।**
धनुषाको विदेह नगरपालिका वडा नम्बर २ दुहबी, गोबराही चोकमा चार वर्षपछि हाटबजार सञ्चालनमा आएपछि किसान हर्षित भएका छन् । गाउँलेबीच अन्तद्र्वन्द्व चुलिएपछि २०७६ मा साप्ताहिक हाटबजार बन्द भएको थियो । त्यसयता किसानलाई आफ्ना उत्पादन बेच्न करिब पाँच किलोमिटरको दूरीमा रहेको तीनकौरिया चोकस्थित बजार पुग्नु पर्ने बाध्यता थियो ।

दुहबी र गोबराही बीच भागमा पर्ने बजारमा नयाँ वर्षका दिनबाट हाट लाग्न थालेपछि आफ्ना खेतबारीमा उत्पादित बालीनाली बेच्न साताका दुईपटक परतिरका गाउँसम्म धाउनुपर्ने किसानको विवशतामात्र सकिएको छैन, स्थानीयले गाउँमै ताजा तरकारी किन्न पाउने सुविधा पाएका
छन् ।

गाउँको विद्यालयसँगै जोडिएको हाट सञ्चालनमा आउँदा उब्जनी बेच्न एक गाउँबाट अर्को गाउँसम्म सामग्री ओसारपसार गर्न मुस्किल हुने किसानको सकसमा विराम लागेको छ । तिनीहरूले गाउँकै हाटमा आफ्ना उत्पादन उचित मूल्यमा बेच्न पाएका छन् ।

दुहबीको कृषि हाटबजार आइतबार, बुधबार र शुक्रबार हप्ताको तीन दिन लाग्नेछ । गाउँमै कृषि हाटबजार सञ्चालन भएपछि यहाँका बासिन्दाका लागि दीपावली नै गर्ने अवसर निम्त्याएको विदेह नगरपालिकाका कार्यपालिका सदस्य शत्रुधन रायले बताए । उनले चार गाउँका बीचमा रहेको हाटबजारबाट तरकारी उब्जाउने किसानसँगै आमजनतालाई सुविधा भएको उल्लेख गरे । उनले भने, 'चार वर्षअघि हाटबजार लाग्न छाडेपछि जनतालाई निकै अप्ठ्यारो परेको थियो । त्यसैले नगरप्रमुख, उपप्रमुख र वडाध्यक्षहरूका पहलमा कार्यपालिकाको निर्णयबाटै हाटबजार सञ्चालनमा ल्याएका हौँ ।'

स्थानीय हाटबजारमा कृषि उत्पादन बेच्न महिलाको संख्या उल्लेख्य हुन्छ । टाढासम्म पुगेर सामान बेच्दा पुरुषको तुलनामा महिलालाई बढी कष्ट बेहोर्नुपर्ने स्थिति थियो । तरकारी व्यावसायी एक महिलाका अनुसार गाउँमा हाट शुरु भएपछि छरिएर लाग्ने बजार एक ठाउँमा आएको छ । उनले भनिन, 'तरकारी बेच्न जेनतेन तीनकौरिया चोक पुग्नुपथ्र्यो । हाटबजार लाग्न थालेपछि गाउँको एक ठाउँमै सबैथोक बेच्न र किन्न पाइने भएको छ ।' स्थानीयका अनुसार २०७६ सम्म सोही स्थानमा ठूलो हाटबजार लाग्ने गरेको थियो । हटियामा स्थानीय उत्पादन आलु, प्याज, काउली, परबल, कदिमा, तेजपत्ता, स्याउ, सुन्तलालगायत तरकारी तथा फलफूल खरिदबिक्री गर्न मानिस आउँथे ।

छिमेकी देश भारतबाट समेत भरिया लिएर व्यापारी हटियामा आउने गरेका थिए ।

'त्यति ठूलो हाटबजार विभिन्न कारणले बन्द हुनपुग्यो, जनप्रतिनिधि हुनुका नाताले केही वर्ष पहिलेदेखि पटकपटक हाटबजार सञ्चालन गर्न पहल गरेको थिएँ तर सफलता भने अहिले प्राप्त भएको छ,' नगरप्रमुख बेचन दासले भने, 'स्थानीय किसानको उत्पादन खपत अब यहीँबाट हुनेछ । व्यावसायिकरूपमा तरकारी तथा फलफूल उब्जाउन साना किसानलाई हाटबजारले प्रोत्साहन दिनेछ ।'

गाउँबाट ल्याइएका कृषि सामग्री खरिदबिक्रीले किसान तथा उपभोक्ताको सिधा सम्पर्क हुने र किसानले उचित मूल्य पाउने हुँदा यहाँका साना किसानको जीविकोपार्जनमा टेवा पुग्ने विश्वास नगरप्रमुख दासको छ । लोप भइसकेको हाटबजार पुनर्सञ्चालनले किसान र उपभोक्ता दुवैलाई फाइदा हुने नगर उपप्रमुख आशादेवी झाले बताइन् । हाटबजारको विस्तार र संरक्षणमा आफूहरू लागिपरेको भन्दै उनले स्थानीय कृषिजन्य वस्तुको बजारीकरण गर्न हाटबजारले निकै सघाउ पु¥याएको जानकारी दिइन् ।

चार वर्षभन्दा बढी समयपछि दुहबीगोबराही चोकमै पुनः हाटबजार सञ्चालनपछि स्थानीय उत्पादनले बजार पाउँदा किसान आर्थिक रूपले सबल र आत्मनिर्भर हुने अपेक्षा गरिएको छ । गाउँमै हाटबजार लाग्ने भएपछि उनीहरू थप मेहनती र उद्यमशील बन्नेछन् । हाटबजार सञ्चालन गराउन वडाध्यक्ष रामपुकार सहनी, वडाध्यक्ष रामश्रेष्ठ सहनी, कार्यपालिका सदस्य शत्रुधन राय, हरि कुसैयत, ब्रह्मदेव दास, सन्तोष यादवलगायत स्थानीय बुद्धिजीवीले पहल गरेका थिए ।

## गहवामाइमा भव्य महाआरती

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको इतिहाससँग जोडिएको गहवामाई मन्दिरमा बुधबार साँझ 'महाआरती' भएको छ । मङ्गलबार पहिलोपटक निकालिएको गहवामाइको निशानसहितको डोली यात्राको सफलतापश्चात् बुधबार साँझ महाआरती भएको हो । रामनवमी तथा चैते दशैँको अवसरमा साँझ ६ बजेदेखि गहवामाइ मन्दिर परिसरमा सामूहिकरूपले महाआरती गरिएको माइस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष



नरेन्द्र कुमार शाहले जानकारी दिए । पर्सा, बारा, रौतहटलगायत सीमावर्ती भारतीय शहर रक्सौललगायतका स्थानबाट समेत श्रद्धालु महाआरतीमा आएका थिए । महाआरतीलाई व्यवस्थित तरिकाले सभ्य र सफल बनाउन कडा सुरक्षा व्यवस्था गरिएको थियो । महाआरतीमा अत्यधिक भिड हुने र सोहीलाई मध्यनजर गर्दै विशेष सुरक्षा साथ महाआरती भएको शाहले बताए । आरतीमा सुरक्षाका लागि नेपाल प्रहरीसहित सशस्त्र प्रहरी पनि खटिएका थिए ।

# सुदूरपश्चिममा सोडारीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाइने



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) ले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री पदका लागि दीर्घ सोडारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बुधबार बसेको सचिवालय बैठकले पार्टीको सुदूरपश्चिम संसदीय दलका नेता सोडारीलाई मुख्यमन्त्रीका लागि उम्मेदवारका रुपमा अगाडि सार्ने निर्णय गरेको हो ।

मुख्यमन्त्रीबाट उक्त प्रदेशमा सरकार निर्माणका लागि आह्वान गरिएको छ । नयाँ गठबन्धन निर्माणका क्रममा कुनै एक प्रदेशको मुख्यमन्त्री पद एकीकृत समाजवादीलाई दिने सहमति भएको थियो । सोही सहमतिका आधारमा नेकपा एकीकृत समाजवादीले सुदूरपश्चिममा सोडारीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाएको हो । समाजवादीले मंगलबार कांग्रेससहितको समर्थनमा नागरिक उन्मुक्तिका लक्ष्मण किशोर चौधरीलाई दिएको समर्थन फिर्ता लिएको थियो । प्रदेश प्रमुख नजीर मियाले नागरिक उन्मुक्तिकै दुईजनाको दाबी पेश हुन आएकोले निष्कर्षमा पुग्न नसकिएको जनाउँदै बिहीबार बेलुकी ५ बजे सम्मको म्याद दिएर संविधानको धारा १६८ (२) अनुसार दोस्रो पटक सरकार आह्वान गरेका छन् ।त्यसैगरी, पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बसेको बैठकमा आसन्न १०आँ राष्ट्रिय महाधिवेशनको

तयारीलगायतको विषयमा छलफल गरिएको पार्टीका उपमहासचिव एवं केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । बैठकले यस अघि तय भएको राष्ट्रिय महाधिवेशनको मिति समेत सारेको छ । अब आगामी असार १६ देखि २० गते काठमाडौँमा १० औँ राष्ट्रिय महाधिवेशन गर्ने भएको छ । आगामी जेठ ३ देखि ७ गतेसम्म हुने भनिएको महाधिवेशन आन्तरिक तयारी अपुग भएकाले असारमा सार्न लागिएको प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए ।

# अब एक सातासम्मको मौसम पूर्वानुमान आउने

**रासस**
**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागले अब एक सातसम्मको मौसम पूर्वानुमान गर्ने तयारी गरेको छ । विभाग अन्तर्गतको मौसम पूर्वानुमान माहाशाखाले हाल तीन दिनसम्मको मात्रै मौसम पूर्वानुमान गर्दै आएको छ । एक सातासम्मको मौसमी अवस्था जानकारी दिँदा मौसमजन्य विपतका घटना न्यूनीकरणमा सहयोग पुग्ने विभागको भनाइ छ ।

एक सातासम्मको मौसम पूर्वानुमान हुँदा किसानहरुलाई बाली लगाउन र भित्र्याउन सहज हुने अपेक्षा गरिएको छ ।

विभागका महानिर्देशक डा जगदिश्वर कर्माचार्यले एक सातासम्मको मौसमसम्बन्धी पूर्वानुमान गर्ने गरी छलफल अगाडि बढिरहेको बताएका छन् । ‘अहिलेसम्म हामीले तीन दिन मौसम पूर्वानुमान गर्दै आइरहेका छौँ । यसको प्रभावकारिता पनि बढ्दै जान थालेपछि एक सातासम्मको पूर्वानुमानको तयारी गरिएको हो’ उनले भने । उनले विश्वव्यापी मोडलअनुसार अगाडि बढ्न प्राविधिक र वित्तीय स्रोतको अभाव भएकाले क्षेत्रीयस्तरमा सहकार्य गरेर जान सकिने बताए । मित्र राष्ट्रहरु र अन्य मौसमसम्बन्धी क्षेत्रीय सङ्गठनसँग सहकार्यका लागि छलफल भइरहेको उनले जानकारी दिए ।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले मौसमसम्बन्धी एक सातासम्मको पूर्वानुमान गर्दा मनसुजन्य विपद्का घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । ‘मौसमसम्बन्धी एक सातासम्मको जानकारी दिँदा ठूलो धनजन र हानी नोक्सानी घटाउने छ विश्वास गर्न सकिन्छ । प्रत्येक वर्ष सर्वसाधरणहरुले बाढी र पहिरोबाट सम्पत्तिको नोक्सान बेहोर्नु परेको छ । सम्पत्तिको सुरक्षा गर्न प्रशस्त समय चाहिन्छ ।’




# लेक लागेर तीन वर्षमा २९ जनाको मृत्यु

**रासस**
**म्याग्दी ।**
हिमालपारिको जिल्ला मुस्ताङ भ्रमण तथा मुक्तिनाथ दर्शन गर्न आउनेको संख्या बढेसँगै लेक लागेर मृत्यु हुनेको संख्या पनि बढ्दै गएको छ । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आर्थिक वर्ष २०७८÷७९ देखि २०८०÷८१ को चैत मसान्तसम्म लेक लागेर २९ जनाको मृत्यु भएको छ । चालु आवको असोजदेखि चैतसम्म मात्रै मुस्ताङ घुम्न आएका ११ जनाले लेक लागेर ज्यान गुमाएका छन् । मृत्यु हुनेमा सातजना भारतीय, तीनजना नेपाली तीर्थयात्री र एक युक्रेनी पर्यटक रहेका जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले जानकारी दिए ।

उनका अनुसार आव २०७८÷७९ मा पाँच महिला र एक पुरुष गरेर छ जनाको लेक लागेर मृत्यु भएको थियो । उनीहरु सबै भारतीय नागरिक थिए भने उनीहरूको ४५ देखि ७३ वर्षसम्मको उमेर समूहका रहेका प्रहरीले जनाएको छ । उनीहरूलाई मुक्तिनाथ, जोमसोम एयरपोर्ट, जोमसोम र धिमीठाँटी भन्ने स्थानमा लेक लागेको थियो । आव २०७९÷८० मा पनि पाँच महिला र सात पुरुष गरेर १२ जनाको मृत्यु भएको थियो । मृतकमध्ये सात भारतका, एक थाइल्यान्डका र चारजना नेपाली थिए । उहाँहरूको उमेर ४२ देखि ७५ वर्षसम्म रहेको प्रहरी नायब उपरीक्षक पाण्डेले बताए । प्रहरी अभिलेखअनुसार उहाँहरूलाई मार्फा, मेसोकान्दो हिमाल, मुक्तिनाथ मन्दिर परिसर, घरपझोङ, एयरपोर्ट, यारालगायत स्थानमा लेक लागेको थियो ।

प्रहरीका अनुसार चालु आवको चैतसम्म लेक लागेरै ११ जनाको मृत्यु भइसकेको छ । असोजमा तीन, फागुनमा दुई र चैतमा छ जनाको मृत्यु भएको प्रनाउ पाण्डेले जानकारी दिए । उनका अनुसार मृतकमध्ये पाँच महिला र छ जना पुरुष रहेका छन् । उनीहरु ३५ देखि ८३ वर्षसम्मको उमेर रहेका छन् । मृतकमध्ये एक युक्रेनी, तीन नेपाली र आठजना भारतीय रहेका छन् । उनीहरूलाई थासाङ, झोङ, लेते, मार्फा, मुक्तिनाथ, जोमसोम, टुकुचेलगायत स्थानमा लेक लागेको जनाइएको छ ।

गत चैतमा मात्र छ जना तीर्थयालु÷पर्यटकको

मुस्ताङमा लेक लागेर ज्यान गएको छ । अभिलेखअनुसार गत वर्ष मुस्ताङ भ्रमण तथा मुक्तिनाथ दर्शन गर्न आएका १२ जनाको लेक लागेर मृत्यु भएको थियो । मुस्ताङ जाने पर्यटकले भोग्ने मुख्य समस्या लेक लाग्नु अर्थात् शरीरमा अक्सिजनको कमी हुनु हो । पछिल्ला तीन वर्षका तथ्याङ्कले मुस्ताङ भ्रमणका लागि मुख्य चुनौती भनेको लेक लाग्नु देखाएको छ । दुई हजार पाँच सय मिटर वा सोभन्दा माथिको उचाइमा पुग्दा शरीरमा अक्सिजनको मात्रा कम हुने अवस्थालाई लेक लाग्नु भनिन्छ । लेक लाग्दा टाउको दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने, श्वासप्रश्वासमा गाह्रो हुने, निद्रा नलाग्ने, खाना रुचि नहुने, थकाइ लाग्ने, कमजोरी महसुस हुने, कमजोरी हुनेलगायत सामान्य लक्षण अनुभव हुने चिकित्सकहरू बताउँछन् । मध्यम अवस्थामा फोक्सोमा पानी जम्न थाल्ने, सास फेर्न गाह्रो हुने, आराम गर्दा पनि स्याँ–स्याँ हुने, खोकी लाग्ने, खकारमा रगत देखिने छाती भारी हुनेलगायत लक्षण देखिन्छन् भने त्यसपछिको अवस्थामा मस्तिष्कमा पानी जम्ने, टाउको दुख्ने, रिङ्गटा लाग्ने, बेहोस हुने, कुराहरू बिर्सिने, पिसाब कम हुनेलगायत लक्षण देखिने गरेका छन् ।

# उद्योगको प्रवर्द्धनमा सरकार प्रतिबद्ध छः मन्त्री




**रासस**
**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पश्मिना उद्योगको उत्पादन र निर्यात प्रवर्द्धनका लागि सरकारले निजी क्षेत्रसँग सहकार्य गर्नुपर्नेमा जोड दिएका छन् । पश्मिना फाइबर प्रशोधनसम्बन्धी तालिमका सहभागीलाई बुधबार ललितपुरमा प्रमाणपत्र वितरण गर्दै उनले पश्मिना उद्योगका क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार तयार रहेको बताए । नेपालबाट निर्यात हुने महत्वपूर्ण उत्पादनमध्ये च्याङ्ग्राको भुवा बाट बन्ने पश्मिना पनि रहेकाले यस क्षेत्रका लागि आवश्यक पूर्वाधार निर्माण र अन्य क्षमता विकासका कार्यमा सहयोग गर्न सरकार तयार रहेको मन्त्री भण्डारीले उल्लेख गरे ।

उनले फाइबर प्रशोधन केन्द्रको निरीक्षण गरी पश्मिना फाइबर प्रशोधनको प्रक्रियाबारे जानकारी लिएका थिए । पश्मिना व्यवसायी र च्याङ्ग्रा किसानको संयुक्त लगानीमा ललितपुरको हरिसिद्धिमा निर्माण भएको पश्मिना प्रशोधन केन्द्रले किसानबाट च्याङ्ग्राका भुवा सङ्कलन र प्रशोधन गरी पश्मिना उद्योगलाई आपूर्ति गर्दै आएको छ ।

पश्मिना फाइबर प्रशोधन सम्बन्धी सीप सिकाउने उद्देश्यले ललितपुर तथा काठमाडौँका स्थानीय महिलालाई उत्पादन तालिम दिएको हो ।

सत्र दिनसम्म सञ्चालन भएको तालिममा २० जना सहभागी थिए । उक्त अवसरमा नेपाल पश्मिना उद्योग सङ्घका अध्यक्ष विजय दुगडले पश्मिना फाइबर प्रशोधन केन्द्रको स्थापनाबाट पश्मिना व्यवसायीले लाभ उठाइरहेको जनाउँदै सरकारले पश्मिना उत्पादन वृद्धि गर्न पूर्वाधार निर्माण र निर्यात अभिवृद्धिमा सहयोग गर्न आग्रह गरे । सङ्घका उपाध्यक्ष धनप्रसाद लामिछानेले पश्मिना क्षेत्रमा देखिएका समस्याबारे चर्चा गरेका थिए ।

# पीडितको भावनाअनुरुप न्याय पाउनुपर्ने माग

**रासस**
**काठमाडौँ ।**
पीडितको भावनाअनुरुप सरकारले न्याय दिनुपर्ने द्वन्द्वपीडितको माग रहेको छ । काठमाडौँमा बुधबार आयोजित कार्यक्रममा द्वन्द्वपीडित गीता रसाइलीले द्वन्द्वमा बलात्कार र यौनजन्य हिंसाबाट पीडितको गोपनीयता राख्दै पीडक पहिचान गर्न सरकारसमक्ष अनुरोध गरिन् । ‘द्वन्द्वकालमा महिलाले भोगेको यौनजन्य गम्भीर अपराधलाई सुरक्षित र गोपनीयता अपनाइ छानबिन गर्नुपर्छ’ उनले भनिन्, ‘सरकार पक्ष संवेदनशील नभइदिँदा धेरै पीडित पीडा लुकाएर बस्न बाध्य हुनुहुन्छ ।’

सञ्चारिका समूह र इन्टरनेशनल कमिसन अफ जुरिस्टले संयुक्तरुपमा ‘सङ्क्रमणकालीन न्याय’ का विषयमा छलफल कार्यक्रम आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा अधिवक्ता काशीराज ढुङ्गाना, लक्ष्मी पोखरेल र सञ्चारिका समूहका सचिव दुर्गा कार्कीले कार्यपत्र प्रस्तुत गरेका थिए । अधिवक्ता काशीराज ढुङ्गानाले १० वर्षे जनयुद्धका पीडितले अहिलेसम्म सङ्क्रमणकालीन न्याय नपाउनुमा राज्यको गैरजिम्मेवारीपन रहेको बताए । समाजमा विभेद र असमानताको कारण द्वन्द्व सिर्जना भएको र अहिले पनि पीडितले न्याय नपाए पुनःद्वन्द्वात्मक विद्रोह हुनसक्ने उनको भनाइ थियो । ‘द्वन्द्वरहित समाज निर्माण गर्न राज्यले न्यायपूर्ण व्यवस्था ल्याउनुपर्छ’ उनले भने, ‘तर हामीकहाँ पीडित पीडामै छन् ।’

अधिवक्ता लक्ष्मी पोखरेलले द्वन्द्वकालमा पीडित महिलाको अवस्था पृथक रहेको बताइन् । द्वन्द्वपीडितमा महिलामाथि भएको बलात्कार र यौनजन्य अपराधलाई गम्भीर मानव अधिकार हननका रुपमा हेरिनुपर्ने उनको जोड थियो । पीडित महिलाको वास्तविक पीडा उजागर गर्दा सरकारले पीडितको संवेदनशीता र गोपनीयता अपनाउन आवश्यक रहेको उनले बताइन् ।

‘खुला र सार्वजनिकस्थलमा द्वन्द्वपीडित महिलाले कुरा राख्न सक्दैनन्’ उनले भनिन्, ‘सरकारले गोपनीयतासँगै सुरक्षाको ख्याल राख्नुपर्छ ।’ मिडियामा द्वन्द्वपीडितका पक्षमा समाचार लेखन कसरी गर्ने भन्ने विषयमा सञ्चारिका समूहका सचिव दुर्गा कार्कीले कार्यपत्र प्रस्तुत गरेकी थिइन् । ‘पत्रकारले पीडितका वास्तविक तर लुकेका कुरा बाहिर ल्याउन मद्दत गर्छ, यो काम सङ्क्रमणकालीन न्याय दिलाउन पुलको भूमिका निर्वाह गर्नु हो’ उनले भनिन्, ‘तर मिडियाले पीडितको गोपनीयताको सम्मान भने गर्नैपर्छ ।’

सत्य र मेलमिलाप आयोगले निकालेको २०८० को तथ्याङ्कमा हालसम्म ६४ हजार द्वन्द्वपीडितले उजुरी दिएका छन् । जसमा महिलाको संख्या तीन सय १४ रहेको छ ।

# बागेश्वरीमा जिब्रो छेड्ने भक्तजनको लर्को



**रासस**
**बाँके ।**
रामनवमी पर्वका अवसरमा हिन्दू धर्मावलम्बीले यक्ष र मोक्ष पाउने आशामा जिब्रो छेडेर नेपालगञ्जस्थित प्रसिद्ध शक्तिपीठ बागेश्वरी मन्दिरको दर्शन गरेका छन् । भारतको रुपैडिहा बागमराका ६५ वर्षीय रमेश प्रजापतिले विगत १५ वर्षदेखि निरन्तर नेपालगञ्जस्थित बागेश्वरी मन्दिरमा आएर जिब्रो छेडेर दर्शन गरेका छन् । जिब्रो छेड्ने लाइनमा लागेका आधा दर्जन बढी युवालाई पछि पार्दै अनुभवी प्रजापतिले १५औँ पटक जिब्रो छेडेर बागेश्वरी मन्दिरको दर्शन गरे । नेपाललगायत भारतका विभिन्न स्थानबाट चैतेदसैँ र विजयादशमीको रामनवमीका अवसरमा बागेश्वरी मन्दिरमा जिब्रो छेडेर दर्शन गर्ने परम्परा रहेको छ । नवरात्रको व्रत बसेका पुरुषले आफ्नो भाकल पूरा गराउन वा मागेको वर पूरा भएपछि देवी बागेश्वरीलाई जिब्रो छेडेर चढाउने चलन परापूर्वकालदेखि नै चल्दै आएको हिन्दू धर्मगुरु तथा बागेश्वरी मन्दिरका मूलपुरोहित चन्द्रनाथ योगीले बताए ।

महन्थ योगीले देवीको मन्दिरमा पशुबलि चढाउने परम्परा रहे पनि केही भक्तजनले आफ्नै रगत चढाउने उद्देश्यले जिब्रो छेड्ने गरेको उल्लेख गरे । नवरात्रको व्रत बसेका व्रतालु पुरुष नवमीको दिन मन्दिरमा आफ्नै जिब्रो तिखो धातु (त्रिशूल)ले छेड्ने परम्परा रहेको छ । हरेक वर्ष करिब एक सय ५० भन्दाबढी धर्मावलम्बीले जिब्रो छेड्ने गरेको उनको भनाइ छ । ‘नेपालगञ्जको बागेश्वरी मन्दिरमा बडादसैँ र चैतेदसैँमा जिब्रो छेडेर बागेश्वरी माताको दर्शन गर्ने चलन छ’ उनले भने, ‘निराहार व्रत बसेर नवमीको दिन बागेश्वरी मन्दिरमा जिब्रो छेड्नाले घरमा दुःख बिमार नहुने, सम्पत्तिको रक्षा हुने, यश र मोक्ष प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।’

नेपालगञ्जको बागेश्वरी मन्दिरमा दर्जनौँ व्यक्तिले जिब्रो छेडेका छन् । नेपालमात्रै होइन भारतबाट आएका भक्तजनलेसमेत जिब्रो छेडेर बागेश्वरी माताको दर्शन गरेका छन् । सतिदेवीको जिब्रो पतन भएको ठाउँ भएकाले बागेश्वरी मातालाई खुसी तुल्याउन जिब्रो छेड्ने गरेको जनविश्वास रहेको छ । बागेश्वरी मन्दिरमा रामनवमीमा वर्षेनी दर्जनौँले जिब्रो चढाउने गर्दछन् । मन्दिर आएर जिब्रो छेडाउँदै जाने भएकाले कतिले छेडे भन्ने मन्दिर व्यवस्थापन समितिलाई यकीन हुने गरेको छैन । यसैबीच रामनवमीका अवसरमा बागेश्वरी मन्दिरमा पूजा गर्न आउने भक्तजनको ठूलो भीड लागेको छ । टाढाटाढाबाट भक्तजन आएर पूजा गरेका छन् । भीडभाडमा कुनै किसिमको आपराधिक गतिविधि नहोस् भनेर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायव उपरीक्षक नारायण डाँगीले जानकारी दिए ।

# गरुडाका मेयर जम्बो टोलीसहित भारत भ्रमणमा, सेवाग्राहीलाई सास्ती

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिकाका मेयरसहित ३० जनाको जम्बो टोली भारत भ्रमणमा हिँडेपछि नगरपालिकाको दैनिक कामकाजमा समस्या उत्पन्न भएको छ । मेयर कन्थमणी प्रसाद कलवार, उपप्रमुख पुनम कुमारी चौधरी, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगर परिषद सदस्यहरु सहितका तीन दर्जनको जम्बो टोली भ्रमण हिँडेपछि दैनिक कामकाजमा समस्या भएको गरुडाका सेवाग्राही दीनानाथ सहनीले गुनासो गरे । जनप्रतिनिधिहरु नै नगरपालिका र वडा कार्यालयमा नभएपछि सेवा प्रवाहमा समस्या भएको उनको भनाई छ । नगरपालिकाका मेयर बिरुद्ध आन्दोलनमा उत्रेकी उप मेयर समेत हिसाब किताब मिलेपछि मेयरकै टोलीमा धार्मिक भ्रमणमा निस्किएकी छन् । उप मेयर चौकरीले मेयरले नगरपालिकाको रकम हिनामिना गरेको भन्दै केही समय पहिला नगरपालिकाको मुल गेटमा ताला लगाएर धर्नामा बसेकी थिइन् । अहिले नगरपालिकाका सबै जनप्रतिनिधि धार्मिक भ्रमणको नाममा झोलितुम्बा बोकेर भारत तिर लागेपछि अहिले गरुडा नगरपालिकाको कार्यालय सुनशान देखिएको छ । यहाँका जनप्रतिनिधि र कर्मचारी भ्रमणका लागि जिल्ला बाहिर मात्र नभई छिमेकी मुलुक भारतमा पुगेका छन् ।

# स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै 'लहान एक्सपो'



**रासस**
**सिरहा ।**
विभिन्न वनस्पतिका रेसाबाट बनेका आकर्षक ढकी, थाकलबाट बनेका घरायसी सामग्रीले आगन्तुकको ध्यान तानेका छन् । यहाँ सुरु भएको लहान एक्सपोमा राखिएका यी सामग्री सिरहाको लहान नगरपालिका–१ कि पार्वतीकुमारी चौधरीले बताइन् । एकसट्ठी वर्षिय चौधरीले स्थानीय कच्चा पदार्थ प्रयोग गरी आफैले बनाएको सामग्री महोत्सवमार्फत बिक्री गरिरहेकी छन् । जसलाई आगन्तुकले मन पराइएको उनले सुनाइन् ।
'समृद्धिको आधार, कृषि, पर्यटन, उद्योग र व्यापार' भन्ने मूल नाराका साथ गत चैत ३० गतेदेखि यहाँ जारी 'लहान एक्सपोः मधेश प्रदेश अन्तर्राष्ट्रिय महोत्सव २०८०'मा स्थानीय उत्पादनमा अवलोकनकर्ताको रुचि देखिएको हो । जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहाको आयोजनामा जारी महोत्सवकै कारण आफूले उत्पादन गर्दै आएका घरायसी सामग्रीका प्रदर्शन र विक्री गर्न पाएकोमा चौधरी खुसी छन् । 'सोचेजति व्यापार त भएन, तर सुरुआती दिनभन्दा क्रमश व्यापार वृद्धि भइरहेको, धेरैले मन पराइदिनुभएको छ', चौधरीले भनिन्, 'तीन दशकदेखि यही पेशाले घर खर्च चलेको छ । महोत्सवबाट थप हौसला मिलेको छ ।' महोत्सवमा टाढा–टाढाबाट पनि ग्राहक आएकाले आगामी दिनमा व्यापार अझ बढ्ने उनको भनाइ छ । आफ्ना उत्पादन सबैलाई देखाउन, बिक्री गर्न तथा प्रचार–प्रसार गर्न सहज भएको उनले बताइन् ।
महोत्सवमा विभिन्न रैथाने परिकारको कक्ष राख्नुभएका लहान––८ का जानुका पराजुली र संगीता चौधरीले भने आफूहरुले सोचेभन्दा राम्रो व्यापार भएको बताइन् । उनीहरुले चामलको पीठो, मासको दाल, बन्दागोभी, सुपको दाल, मुला र लप्सीबाट बनेका बिभिन्न परिकारहरु प्याकिङ्ग गरेर राखेकी छन् । गाउँघरबाट सङ्कलन गरिएका सामग्रीलाई व्यावसायिक रुप दिई आर्थिक उपार्जनसँग जोडिएको जानुका पराजुलीले सुनाइन् । त्यस्तै लप्सी र टमाटरको अचारले पनि ग्राहकको मन जितिरहेको पराजुलीले बताइन् । 'मधेशको पहिचान झल्कने रैथाने परिकारहरु उत्पादन गरिरहेका छौँ ।
हाम्रा उत्पादनलाई ग्राहकहरुले धेरै मन पराइदिनुभएको छ । सोचेभन्दा राम्रो बिक्री भइरहेको छ', पराजुलीले भनिन्, 'अहिले दिनमा औसतमा चार हजार रुपैयाँसम्मको व्यापार भइरहेको छ ।' उनले महोत्सव सकिएपछि पनि लहानचोकको दक्षिणतर्फ रहेको 'मटिहर्वा कम्पेक्स'मा सटर भाडामा लिएर 'कोसेली घर' सञ्चालन गर्ने योजना रहेको सुनाइन् । महोत्सवमा आयोजकले निःशुल्क रुपमा प्रदर्शनी कक्ष उपलब्ध गराएको पनि उनले जानकारी दिइन् ।
महोत्सवबाट आफ्ना उत्पादन सबैलाई देखाउन, बिक्री गर्न तथा प्रचार–प्रसार गर्न सहज भएको सङ्गीता चौधरीको भनाइ छ । 'गाउँमा एउटै ठाउँका मानिसले मात्रै अवलोकन गर्छन् । यहाँ विभिन्न ठाउँबाट मानिसहरू आएर अवलोकन गर्दा खुसी लाग्छ । व्यापार पनि राम्रो भएको छ', चौधरीले भनिन्, 'यस्ता महोत्सवले व्यापारमा हौसला थपेको छ ।' चौधरीका अनुसार महोत्सवमा आउने आगन्तुक स्थानीय उत्पादनमा लोभिएका छन् । स्थानीय मौलिक एवं रैथाने उत्पादनको प्रवद्र्धनका लागि सम्बन्धित कक्षहरु निःशुल्क उपलब्ध गराइएको आयोजक जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष विकास सारडाले बताए । 'मधेशको पहिचान झल्कने परम्परागत उत्पादन तथा परिकारको चिनारी दिलाउन र उद्यमीलाई पनि प्रोत्साहन गर्ने उद्देश्यले उनीहरुलाई निःशुल्क कक्ष उपलब्ध गराइएको हो । जसअन्तर्गत कृषि तथा घरेलुतर्फ २० वटा प्रदर्शनी छन्', अध्यक्ष सारडाले भने । उनले प्याकेजिङमा सुधार गर्दै नेपाली उत्पादनको बजारीकरण गरी व्यवसायिक रुप दिन आवश्यक रहेको बताए ।
त्यसैगरी महोत्सवले मौलिक उत्पादन, संस्कृति र मौलिक परिकारहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सहयोगी बन्ने विश्वास उनले व्यक्त गरे ।
मधेश प्रदेशस्तरीय महोत्सवमा विराटनगर, वीरगंज, काठमाडौँदेखि छिमेकी राष्ट्र भारत र बङ्गलादेशसम्मका लगानीकर्ता, उत्पादक, वितरक, निर्यातकर्ता सहभागी भएको अध्यक्ष सारडाले जानकारी दिए । उनका अनुसार महोत्सवमा कूल एक सय २१ वटा प्रदर्शनी कक्ष छन् । महोत्सव आयोजना गर्न करिब एक करोड ५० लाख रुपैयाँ खर्च भएको र महोत्सवभर करिब दुई करोड रुपैयाँ बराबरको व्यापार हुने अनुमान गरिएको उनले बताए । 'अहिले एक त आर्थिक मन्दीको समय छ । यस्तो बेलामा व्यवसायीको आत्मबल अभिवृद्धि गर्न र व्यावसायिक क्षेत्रलाई चलायमान बनाउन पनि यो महोत्सव आयोजना गरिएको हो' उनले भने, 'यसबाट व्यापारसँगै स्थानीय उत्पादन प्रवर्द्धन गर्नु मुख्य उद्देश्य हो ।' महोत्सवमा प्रत्येक साँझ विभिन्न कलाकारको प्रस्तुति समेत रहने गरेको छ । महोत्सव आगामी वैशाख ९ गतेसम्म सञ्चालन हुनेछ ।

# १५० केजी गाँजासहित सात जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज** ।
प्रहरीले एक सय पचास केजी प्रतिबन्धित लागु पदार्थ गाँजासहित सात जनालाई पक्राउ गरेको छ । गाँजा बोकेर भारततर्फ गइरहेको अवस्थामा पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारी र निकुन्जमा खटिएका नेपाली सेनाले बुधबार बिहान एक सय ५० केजी गाँजासहित ७ जनालाई पक्राउ गरेको हो । मकवानपुरको राक्सिराङ गाउँपालिकाबाट नेवारपानी जाँदै गर्दा मनहरीमा उनीहरु पक्राउ परेका हुन् । हातमा लाइट र पिठ्युमा गाँजाको बोरा बोकेर हिँडेकालाई निकुञ्जका टोलीले घेरा हालेर नियन्त्रणमा लिएका थिए । गाँजासहित पक्राउ पर्नेहरुमा राक्सिराङ गाउँपालिकाका सुरेश चेपाङ, १९ वर्षीय टीकाराम चेपाङ, कैलाश गाउँपालिकाका २८ वर्षीय बमबहादुर चेपाङ, २७ वर्षीय हरिकुमार चेपाङ, २७ वर्षीय वीरमान चेपाङ, मनहरी गाउँपालिकाका ४४ वर्षीय रामहरी लुईंटेल र ३६ वर्षीय दीपक थापा मगर रहेका छन् । राक्सिराङ गाउँपालिकाको सरिखेतबाट तस्करले गाँजा खरिद गरेर उनीहरुलाई नेपाल भारतको सिमानामा पर्ने स्वर्णपूर गाउँमा पुऱ्याउन प्रतिकेजी एक हजार रुपैयाँ ज्याला दिएको पक्राउ परेकाले प्रहरी समक्ष बताएका छन् ।
मकवानपुरको उत्तर पश्चिम र धादिङको किरान्चोकलगायत क्षेत्रमा उत्पादन भएको गाँजा मनहरी गापाको विभिन्न नाका हुँदै पर्सा राष्ट्रिय निकुञ्जको जंगलबाट भारत पु¥याउने गरिन्छ । बुधबार बिहान बरामद गरिएको गाँजा र नियन्त्रणमा लिएका सात जनालाई कानुनी कारबाही गर्न निकुञ्जका सुरक्षाकर्मीले जिल्ला प्रहरी कार्यालय हेटौंडामा बुझाएको प्रहरी उपरीक्षक एवं प्रवक्ता लक्ष्मी भण्डारीले बताए ।

# तस्करीको १७ लाख बढीको सामान नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले करिब १७ लाख रुपैयाँ भन्दा बढीको तस्रकीको सामान बरामद गरेको छ । प्रहरीले विभिन्न स्थानबाट तस्करीको १७ लाख ७२ हजार ७ सय ३० रुपैया बराबरको कपडा, मोबाईल पार्टस लगायत अन्य सामान बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय पर्साबाट गस्तीमा खटिएको टोलीले वीरगंजका विभिन्न स्थानबाट भारतीय कपडा, मोबाईलका पार्टसहरू, प्याज, चियापति र पाडा÷पाडी समेत बरामद गरी वीरगंज भन्सार कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।
सो क्रममा प्रहरीले रजत जयन्ती चोकबाट ३ सय १५ थान कुर्ता सुरवाल, ८ सय २ थान टपस, २ सय मिटर कुर्ता बनाउने कपडा, ३ रोल कार्पेट, ३ सय ९० थान मोबाईल चार्जरसहितका सामग्री बरामद गरेको हो । त्यस्तै, पर्साको ठोरीबाट अवैध रुपमा ना.३ च १०८९ नम्बरको पिकअपमा भारतबाट भन्सार छली चोरी पैठारी गरी ल्याइएको ५ वटा राँगा, १ भैसीसहितको पिकअप भ्यान समेत नियन्त्रणमा लिएको थापाले बताए ।

# दुई करोड बढीको सामान बरामद

**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट स्थित सशस्त्र प्रहरीले एक वर्षको अवधिमा तस्करीको माध्यमबाट भित्र्याइएको दुई करोड ८० लाख रुपैयाँ भन्दा बढीको अबैध सामान बरामद गरेको छ । गत साउन १ गतेदेखि चैत्र मसान्तसम्म भारतबाट विभिन्न नाका हुँदै भित्र्याइएको दुई करोड ८० लाख ४३ हजार ५६४ रुपैयाँ बराबरको अबैध सामान बरामद गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एस्पी बिक्रम हुमागाईंले जानकारी दिए । गत चैतको एक महिनाको अवधिमा मात्रै ३६ लाख ४५ हजार ९८४ रुपैयाँ बराबरको अबैध सामान बरामद गरेको थियो । बरामद सम्पूर्ण सामान आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको एसपी हुमागाईंले बताए ।
अबैध सामान ओसारपसारमा संलग्न १३ जना, लागू औषध कारोबारमा संलग्न २ जना, हात हतियारसहित पक्राउ परेका ३ जना र वन पैदावर–ओसारपसारमा संलग्न ६ जना गरी जम्मा २४ जना मानिसलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको एस्पी हुमागाईले बताए । त्यसैगरी तस्करी लगायत विभिन्न अवैध कारोबारमा बरामद भएको बस– १ वटा, पिकअप÷बलेरो– ३ वटा, अटो– १ वटा, ईलेक्ट्रिक लोडर– १ वटा, मोटरसाईकल– ४२ वटा, ट्याक्टर– १७ वटा, साईकल– ११ वटा, गाढा– २ वटा, सहित विभिन्न किसिमका ७८ वटा सवारी साधन भन्सार कार्यालय, राजश्व कार्यालय, वन कार्यालय, नगरपालिकाको कार्यालय लगायत सम्बन्धित कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरी रौतहटले जनाएको छ । गत आर्थिक बर्षमा भारतबाट तस्करहरुले भित्र्याएको कूल पाँच लाख ३५ हजार ५८० रुपैयाँ बराबरको १६ क्विन्टल ६१ किलो प्रतिबंधित अबैध कुखुरा बरामद गरी नष्ट गरेको सशस्त्र प्रहरीले जनाएको छ । त्यस्तै सशस्त्र प्रहरी बल, नेपालको परिचालनबाट गत मंसिर ३ गते यमुनामाई–३ मल्हिनिया टोलमा शेख बैतुल्लाहको कच्ची घरबाट पेस्तोल–३, सोमा प्रयोग हुने म्यागजिन–६ थान, ७.६५ एमएमको १३ राउण्ड–गोली, एयर गण १ नाल गरी जम्मा ४ नाल हतियार बरामद गरेको थियो । त्यस्तै गत चैत २ गते परोहा नगरपालिका ९ घिउरा गाँउमा मनि ट्रान्सफर्मरमा गोली फायर गरी फरार ३ जना भारतीय नागरिकहरुको साथबाट २ थान पेस्तोल र ५ राउण्ड गोली, सहित भारतीय नम्बरको एउटा मोटरसाईकल बरामद गरेको थियो । सोही अवधिमा भारतीय समकक्षी एसएसवीसँग मिलेर सशस्त्र प्रहरीले १२५ पटक संयुक्त बोर्डर गस्ती गरेको थियो । प्रादेशिक अस्पताल गौर लगायत जिल्लाको विभिन्न अस्पतालमा उपचारको क्रममा बिरामीलाई रगत अभाव हुँदा सशस्त्र प्रहरीले गत साउनदेखी चैत्र मसान्त सम्म ५१ पटक रक्तदान गरेको छ ।

# मिटर ब्याजका ९८१ उजुरीमा मिलापत्र

**मधेशदृष्टि**
**बारा ।**
बारा जिल्लामा मिटर ब्याजसम्बन्धी नौ सय ८१ वटा उजुरीमा मिलापत्र भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार हालसम्म तीन हजार तीन सय २२ जनाले उजुरी दिएका छन् । अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी समस्या समाधान गर्ने प्रयोजनार्थ २०८० वैशाख १७ गतेदेखि जिल्ला प्रशासन कार्यालय बारामा उजुरी दर्ता गरी सो सम्बन्धमा दुवै पक्षलाई उपस्थिति गराई सत्य तथ्य बुझी सहजीकरण गरी समस्या सुनुवाई भइरहेको छ ।
प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेका अनुसार उजुरीमा माग भएको रकम ३२ करोड ३ लाख ६२ हजार ८०७ रुपैयाँ रहेको छ । यसमध्ये सहमति र मिलापत्र भएको रकम १९ करोड ३३ लाख १९ हजार ४७९ रहेको छ । न्यौपानेका अनुसार सहमति मार्फत फिर्ता गरिएको जग्गामा ८९ वटा कित्ता, २५ बिगाहा, १३ कट्ठा र ७ धुर रहेको छ ।

# जन्मदिनको अवसरमा वृक्षारोपण

**मधेशदृष्टि**
**रौतहट ।**
मध्यान्न राष्ट्रिय दैनिकका सम्पादक तथा वरिष्ठ पत्रकार मदनकुमार श्रेष्ठले वृक्षारोपण गरी आफ्नो जन्मदिन मनाएका छन् । तराई विकास तथा सञ्चार केन्द्र नेपालले रौतहटबाट पहिलो पटक सुरुवात गरिएको 'जन्मदिनलाई सत्कर्मसंग जोडौँ' अभियान अन्तर्गत पत्रकार श्रेष्ठले बुधबार आफ्नो जन्मदिनको अवसरमा काठमाडौँको तिनकुनेमा विभिन्न किसिमका विरुवाहरु रोपेर जन्मदिन मनाएका हुन् । 'जन्मदिनलाई सत्कर्मसंग जोडौँ' अभियानका संयोजक तथा नेपाल पत्रकार महासंघका सचिव गोबिन्दप्रसाद चौलागाईले जन्मदिनको नाममा विदेशी संस्कारलाई भित्रिन नदिन र वातावरणलाई जोगाउन र सुरक्षा गर्नका निम्ती आफूले अभियान थालेको बताए । जन्मदिनलाई सतकर्ममा जोडौ अभियानलाई साथ दिन राष्ट्रिय समाचार समितीका महाप्रबन्धक सिद्धराज राई, वरिष्ठ पत्रकार रमेशराज पौडेल, सिता पोखरेल कार्यक्रममा सहभागी थिए ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**Koshi Pump, Chandra Nahar Irrigation Management Office**

Rajbiraj, Saptari

**Invitation for Electronic Sealed Quotation**

**First Date of Publication: 2081/01/06 (18th April, 2024)**

1. Koshi pump,Chandra Nahar Irrigation Management office, Saptari invites electronic sealed quotation only from eligible bidders forfollowing sealed quotation numbers:

   **KPCCIMO/SQ/PSB/W-01/080-81,KPCCIMO/SQ/PSB/W-02/080-81,KPCCIMO/SQ/PSB/W-03/080-81,KPCCIMO/SQ/PSA/W-04/080-81**

   and **KPCCIMO/SQ/PSA/W-05/080-81.**

2. Eligible bidders may obtain further information at the office of Koshi Pump, Chandra Nahar Irrigation Management Office ,Rajbiraj, Saptari or may visit **PPMO website www.bolpatra.gov.np.**
3. Invitation for electronic sealed quotation (SQ)published in local/national daily newspaper and PPMO's web portalshould be read as bids must be submitted through electronic copy only on or before 12:00 hours on 2081/01/21 (3rd May, 2024) through PPMO website www.bolpatra.gov.np. Bids received after this deadline will be rejected.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

**Office Chief**

*उत्थानपछि विनाश पनि सम्भव छ ।*

*–आइज्याक न्युटन*

## सम्पादकीय

# अस्पतालको सरसफाइमा ध्यान देऊ

*वैशाख महिना लागेसँगै तराई–मधेशमा क्रमशः गर्मी बढ्दै गइरहेको छ । गत वर्षभन्दा यस वर्ष गर्मीको तापक्रम बढ्ने मौसमविद्हरुको भनाइ छ । गर्मीमा रोगको संक्रमण बढी फैलिने डर हुन्छ । तराई–मधेशमा गर्मी मौषममा सर्पदंश, आगलागी, झाडापखाला, डेंगु र विपद्जन्य समस्याको जोखिम बढी हुन्छ । ती समस्याबाट प्रभावित विरामीहरु उपचारका लागि अस्पताल पुग्छन् । तत्कालै बिरामीलाई उपचार सेवा पु¥याउन सक्ने गरी आवश्यक औषधि, उपकरण र चिकित्सकको व्यवस्था गर्न समेत गर्मी महिनामा सबै अस्पतालहरु 'अल्र्ट' अवस्थामा बस्नुपर्छ । गर्मीको बेला विभिन्न सरुवा रोगको प्रकोप फैलन सक्ने सम्भावनालाई ध्यानमा राखेर रोग लागेपछि उपचार गर्नु भन्दा रोग लाग्नै नदिने उपाय स्वरुप स्थानीय स्तरका रेडियो, एफएम र पत्रपत्रिका मार्फत जनचेतनामूलक सूचना सम्प्रेषण गर्न समेत स्थानीय तह र अस्पतालहरु पछि पर्नु हुँदैन । हरेक अस्पतालले उपचारका लागि विशेषज्ञ चिकित्सक सहितको प्रभावकारी उपचार सेवा प्रदान गरि आम नागरिकको जीवन रक्षामा चौबिसै घण्टा स्वास्थ्यकर्मी परिचालन गर्ने व्यवस्था मिलाउन पर्छ ।*

*गर्मी महिनामा विरामीहरुको चाप अस्पतालमा बढेको हुन्छ । जरो, रुघाखोकी, झाडापखाला, मलेरिया, डेंगुका विरामीहरुको भिड बढी हुन्छ । यो अवस्थामा अस्पताल प्रशासनले आफ्नो अस्पतालसँगै वातावरणको सरसफाईमा ध्यान दिनुपर्ने हुन्छ । गर्मी महिनामा लामखुट्टे बढी सक्रिय रहने भएकाले स्थानीय तहको सहकार्यमा अस्पतालहरुले लामखुट्टे नष्ट गर्नुपर्छ । गर्मी महिनामा अस्पतालको बसाईलाई सहज बनाउन अस्पताल प्रशासनले विभिन्न वार्डको नियमित सरसफाई, पंसा, एसीको व्यवस्थापनलाई दुरुसत बनाउनु पर्छ । प्राय सरकारी अस्पतालमा डाक्टर, नर्सहरुको लापरवाहीले गर्दा विरामी र तिनका कुरुवाहरुले सास्ती भोगिरहेका हुन्छन् । एक त आफन्त विरामी परेको अवस्था र त्यसमा पनि डाक्टर र नर्सहरुको व्यवहारले अस्पताल पुग्नेहरुलाई 'नर्क' पुगेको आभास गराउँछ । अस्पतालमा कोही आफ्नो स्वइच्छाले पुगेका हुन्छन् र त्यहाँ अस्पताल प्रशासनको कमजोर व्यवस्थापन र डाक्टर तथा नर्सको हेलचेक्रयाइले उनीहरुलाई अक्रान्त र आक्रोशित बनाइरहेको हुन्छ । यस तर्फ अस्पताल गैर जिम्मेवार भएर आफ्नो दायित्व र कर्तव्यबाट पञ्छिन् मिल्दैन् ।*

*विभिन्न स्थानीय तहमा रहेका सरकारी तथा निजी अस्पतालको सरसफाईको नियमित अनुगमन गर्न आवश्यक छ । जनताको करलाई कर्मचारीको व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, अनावश्यक क्षत्रेमा मात्र खर्च नगरौँ नागरिकको आधारभूत आवश्यकता तर्फ पनि ध्यान दिन उतिकै जरुरी छ । र, अस्पताल प्रशासनले नियमित रुपमा डाक्टर तथा नर्सहरुको विरामीहरुको चेकजाँच प्रति जिबाफदेही बनाउन आवश्यक छ । दिनमा विरामीको हेरविचारमा अलि ध्यान दिएको पाइए पनि रात्रिकालीन डिउटीमा खटिएका डाक्टर तथा नर्सहरुले विरामीको हेरचाहमा लापरवाही र हेलचेक्रयाँई गरिरहेको गुनासो आउने गरेको छ । रात्रिकालीनमा विरामीहरु बढी आतिने भएको हुनाले उनीहरुलाई आवश्यक परामर्श बेला बेलामा दिइराख्नु पर्छ । अस्पताल एकदमै सम्वेदनशील क्षेत्र मानिन्छ । जुनसुकै मौसम र समयमा अस्पताल प्रशासन विरामी र तिनका कुरुवा प्रति जिम्मेवार र जबाफदेही हुनुपर्छ, र गर्मीको समयमा रोगको संक्रमण बढी फैलिने भएकाले यतिबेला बढी सक्रियताका साथ यसतर्फ सबै सरोकारवाला जुट्नु पर्छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सम्पत्ति शुद्धिकरण ककसको गर्ने ?



जो आज्ञा
रामकुमार एलन

सर्लाहीको बागमती नगरपालिकाका मेयर भरत थापाको सम्पत्ति धेरै भयो भन्दै अख्तियारमा मुद्दा दायर भएको छ । उनले मेयर भएपछि पाँच करोड जति बढी सम्पत्ति कसरी जोडे, स्रोत खुलेन भनिएको छ। यो मुद्दाले भरत थापालाई राजनीतिक क्षति हुनेछ तर बागमतीको विकास रोकिने छ। ६५ बिघा बगर ४५ फिट खनेर बालुवा वितरणसँगै बागमतीको पानी हुलेर ताल बनाइएको हो। जनताले भरतताल भने पनि कागजी र अभिलेखी हिसाबले तालको नाम भरतताल होइन, बागमती मनोरञ्जन ताल, माछा पोखरी अनेक नाम छन्। तर जनता सम्झन्छन्, भरतताल। भ्रष्टाचारको मुद्दा लागेका व्यक्तिको पक्षपोषण गरेको भनेर नउडाउनु होला। मेरो भरत थापासँग चिनजान भेटघाट, फेसबुकमा साथी पनि छैन। यति भनेपछि ह्वाट्स एपमा पनि कुरा हुँदैन भनिरहन नपर्ला।

म कम कुरा गर्नेभित्र पर्छु। जोसँग कुरा गर्छु या त दोस्ती हुन्छ, या त दुश्मनी। आफ्नो भन्दा बढी अरुका लागि कुरा गर्ने भएकाले मेरो दोस्ती कम दुश्मनी बढी हुन्छ। दुश्मनी त्यस्तासँग भइरहेको छ, जसले 'सिस्टम'मा भाइरस हालेर, ह्याङ पारेर, नीतिगत, कागजीरुपमा चिरीच्यात्त पार्दै राज्यधनमा तर मारेका छन्। जसको मिसन नै कमिसन छ, त्यो कम्युनिष्ट, देशभक्त, राजावादी सबैको विरोध गरिन्छ। एउटै कित्तामा उनीहरुलाई भन्ने गरेको छु, 'सबका सब मिना बजारका उत्पादन हुन् 'क' थपेर।' किनभने पैसा आउँछ, नाफा हुन्छ भन्ने थाहा भएका दिनदेखि यिनले आमासँग पैसा मागेर भाइलाई पनि मिटर ब्याजमा लगाएका छन् । मन्दिरमा एकाध घण्टामा नाम होला, पहिरनमा सफेद लवेदा सुरुवाल र निधारका चन्दन घोटेर कालो पाटो छोपेका हुन्। कुन हो हिन्दी फिल्ममा ओम पुरीको एउटा डाइलग छ, 'सेतो धोती लगाउने सबै महात्मा गान्धी होइनन्।'

दुई दिनअघि वीरगंजका पत्रकार भूषण यादवले फेसबुकमा स्ट्याटस लेखेका छन्, 'करिब साढे ३ दशकअगाडि पहाडबाट झरेको युवा, जसको कुनै परिभाषित तलब र आम्दानी छैन ! तर, वीरगंज बसेर उसैले काठमाडौँमा घर, हेटौँडा र सिमरामा जग्गा अनि वीरगंजमा घर जोड्छ। अनि त्यही युवा जो अहिले अर्धव्यासक भइसक्यो ! उसले अरूको व्यापारमा आँखा लगाएर ठग्न खोज्छ, अनि आफू लेटेस्ट हुन्डाइ आइटेन चढ्छ, सम्पत्ति शुद्धिकरण विभागले किन अनुसन्धान गर्दैन ?' उद्गारचिन्हसहित प्रश्नचिन्ह रहेको उनको स्ट्याटसका कमेन्टहरु हेरिनँ । हेर्दिनँ । पनि किनभने मैरै स्ट्याटसमा मलाई समवेदना दिनेहरु जिउँदै छन् कि मरे ? मैले तिनको खोजिनीति गरिरहनु छैन । उसै पनि म स्ट्याटस लेख्न भन्दा स्ट्याटस बनाउन लागिरहँदा यसै उनीहरु जिउँदै मरेका छन्, हत्तुहैरान भएर कमेन्ट गरेका छन्। तिनका कमेन्टले केही झर्दैन, अलि अलि कपाल झरेको हो, त्यो उनीहरुको कमेन्टले झरेको हो भनेर विज्ञानले प्रमाणित पनि गरिनसकेकोले चिन्ता गर्नु पर्दैन। यादवले भने झैँ आफू पहाड अझ भित्री मधेशको बागमती प्रदेशका भएकाले 'चिन्ता' भनेको तामाङ समुदायमा 'काजकिरिया' हो। गर्नु पर्ने चिन्ता होइन, चिन्तन हो। सामाजिक सञ्जालले सत्ता भत्काउँछ तर सत्ता बनाउँदैन । सत्ता बनाउँदो हो त १० लाख बढी फ्यान भएका बाबुराम भट्टराई ३० हजार भोटले जितिने चुनाव किन उठ्न डराउँथे। १० हजार मतदाताले भोट हाले जित्ने ठाउँमा मिलियन फलोअर र फ्यान भएका रवीन्द्र मिश्र किन प्रकाशमान सिंहसँग ४ सय ५० भोटले हार्थे ? भारतीय कवि सम्पत सरलले भनेका छन्, 'विज्ञानको जतिसुकै तरक्की आओस्, गुगलबाट रोटी डाउनलोड हुँदैन।'

जब विज्ञानको तरक्की नै यसरी रोकिएको छ भने मान्छे किन धन कमाउने सपनाले अपराधजन्य व्यवहारमा कसुरदार भइरहेको छ ? यसको मक्सद के हो ? हामीले हेरेका छौँ, राजाको जुठोपुरो खाएर गणतन्त्र नेपालमा पनि दलहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मठाधीश बनाएका लोकमानसिंह कार्कीलाई यो देशको गणतन्त्र फापेन। उनी पदमा रहँदै मोसो दलिनेमा परे। देश छाडेर भागे। गुमनाम छन्। सर्वोच्च अदालतका प्रधान न्यायाधीश दामोदर प्रसाद शर्मा साधु बनेर कतै मन्दिरतिर सायद भारततिर छन् । नेपाली कांग्रेसका सभापति र प्रधानमन्त्री सुशील कोइरालाको कोठामा निधन भएको विषय सरकारी मुखपत्र गोरखापत्रले मात्रै थाहा पाएर छापेर पठाएको पत्रिका फिर्ता लिँदै अर्को पत्रिका छाप्यो ? उनको मृत्यु किन गुमनाम बनाइयो ? कुरुवा बसेका 'सुन'सरीका चम्चाहरुले पनि ख्वामित् मरेको थाहा पाएनन् । यो देश यस्तै यस्तै किस्साहरुको राजधानी हो।

रामबहादुर बम्जनले पनि देशमै विवाह गरेर काठमाडौँमा पैसामा सुतेको भन्दै प्रहरीले सार्वजनिक गरेको छ । धर्म, राजनीति, कर्मचारीतन्त्र, प्रहरी प्रशासन सबैमा सत्तामा पुग्नै लाग्दा खोट देखाउने होड छ। सँगै प्रहरीमा जागिरे हुन्छन्, बढुवा हुन्छन्, जब आफू भन्दा माथिल्लो पदमा पुग्न लागेको पत्ता लाग्छ, अनि कि शैक्षिक प्रमाणपत्र नक्कली बनाइन्छ, कि उमेर ढाँटेको आरोप लगाइन्छ र साथीलाई सिध्याइन्छ। पछि राजनीतिमा जुध्छन्। घिनलाग्दो जागिर र राजनीति यिनैलाई फापेको छ । प्रहरीमा रिटायर्ड भएर अख्तियारमा जागिरे हुन्छन्, पछि अख्तियारकै प्रमुख पनि भ्रष्टाचारी भनेर डामिन्छ। यो देशको सिंगो सिस्टम बिगार्न पछिल्लो १५ वर्षमा कसले बाँकी राखेको छ र ? पत्रकारसँग कमिसन लिनेहरु उच्च ओहोदामा छन्। केही नभए पनि तिनीहरु प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत त पक्का छन्। अनि देशमा सद्दे हुनु पर्ने पत्रकारले मात्रै हो ?

वकिलले बोलेको पैसा लिन हुने, डाक्टरले छामेको पैसा लिन हुने। मास्टरले पढाएको पैसा लिने। मन्दिरमा नबोल्ने भगवानले कपडा, सुनचाँदी, भेटी लिन हुने। तर सँधै जनताका पक्षमा लागिरहने भोको पत्रकारले कसैसँग पैसा लिन नहुने। यो मानक कसले बनायो ? जनताको करोडौँ रकम आफ्नो नाममा नामसारी गर्नेहरु गृहमन्त्री भएका देशमा सत्यतथ्य छानबिन होला र भूषणजी ? शान्तिसुरक्षाका नाममा गुण्डागर्दी भइरहेको छ। को, कहाँ कतिखेर कुन मुद्दामा कोबाट किन फसाइँदैछ भन्ने थाहा हुन छाडेको छ। सबैको सम्पत्ति छानबिन गरौँ। खुलेर भनौँ, देशको मायामा जुटौँ र सुरुवात २०६३ को नागरिकता छानिबनबाट गरौँ, अशली मधेशी, नेपाली, हिमाली सबैले दुईचार दिन दुःख पाउँछन्, फेरि नागरिकता पाउँछन्। नक्कलीवालाहरु पक्कै समस्यामा पर्नेछन्। यति भन्न र लेख्न पनि हामी नसक्ने त्यतिखेरसम्म हुन्छौँ, जबसम्म उनीहरुको रासनपानीमा हुर्किरहनेछौँ। एक गिलास तातो पानी पिएर तपाईं स्वाभिमानले बाँच्नुहोस् त दासजीवन भोग्नै पर्दैन । अहिले खान्कीबान्की सबैका प्रश्नवाचकले घेरिएको छ। सम्पत्ति छानबिन मात्र 'निज'हरुको गर्नु पर्ने किन ? सबैको गरौँ, म तयार छु, तपाईं तयार हो ? पत्रकारहरुसँग कमिसन माग्नेहरुको देशमा हामीले सुशासनको गोष्ठी भत्ता लिनु पर्ने बाध्यताबाट मुक्त हुन सक्छौँ कहिले ? बाँकी जो आज्ञा !

# बालबालिकाका लागि 'डिजिटल लिटेरेसी'

वर्तमान प्रविधिको युगमा बालबालिकाका लागि 'डिजिटल लिटेरेसी' अत्यावश्यक छ। उनीहरुको गृहकार्य, जागिर आवेदन, बैंकिङदेखि सबै काम अनलाइन मन्चमा सञ्चालन हुने भएकोले 'डिजिटल लिटेरेसी' (विद्युतीय साक्षरता) विलासिता नभई आवश्यकता हो। सन् १९९० को दशकमा नसुनिएको स्मार्टफोन अहिले धेरैको हातमा देखिन्छ। हालका विद्यार्थीले गृहकार्य गर्दा कम्प्युटरको प्रयोग गर्न थालेका छन्। आजका विद्यार्थी प्रविधिसँग धेरै परिचित भएकोले गर्दा यसलाई 'डिजिटल नेटिभ' भन्न थालिएको छ।

एक्काइऔं शताब्दीमा जन्मिएका युवा पुस्ताका लागि स्मार्टफोन, ट्याब्लेट र कम्प्युटर दैनिक जीवनको हिस्सा भएको छ। 'एडोब एक्स प्रेस डिजाइन एप' जस्तो निःशुल्क उपकरणले बालबालिकाका लागि प्रयोग गर्न पहिलेभन्दा सजिलो बनाएको छ । प्रविधिको प्रगतिले गर्दा र हाम्रो दैनिक जीवनको हरेक पक्षमा प्रविधिले विद्यार्थीमा विद्युतीय साक्षरता सीप विकास गर्न आवश्यक बनाएको छ। वास्तवमा विद्युतीय साक्षरता के हो र यो किन महत्वपूर्ण रहेका छ र यसलाई कक्षा कोठामा कसरी उपयोग गर्न सकिन्छ ? यस लेखमा डिजिटल साक्षरता शिक्षाको सबैभन्दा महत्वपूर्ण पक्षहरूमध्ये एक हो भन्ने बारे जानकारी गराइएको छ।

**प्रविधि साक्षरता विद्यार्थीमा उत्प्रेरित गर्न महत्वपूर्ण सीप हो ?**

**(क) विद्यार्थीलाई भविष्यको लागि तयार गर्न,**

जसरी हामी प्राविधिक–केन्द्रित संसारमा परिवर्तन हुँदै गईरहेको छौं यहाँ भविष्यको रोजगार बजारलाई प्रविधिका सीपमा राम्रोसँग जान्ने कार्यबल चाहिन्छ । हामीले डिजिटल साक्षरता र प्राविधिक प्रवीणतामा अत्तिरित्त रकम (प्रिमियम लिने ) गरिरहेको छौं । भविष्यमा तीव्र अपेक्षा गरिएको हुनाले गर्दा विद्यार्थीलाई भोलि अगाडि बढाउनका लागि आवश्यक ज्ञानको साथ सुसज्जित गर्नु महत्वपूर्ण रहेको छ।

**(ख) सूचनामा पहुँच**

डिजिटल साक्षरताले विद्यार्थीलाई प्रभावकारी रूपमा पहुँच, ज्ञान र दृष्टिकोणलाई फराकिलो बनाउन ,उपयोग गर्न सहयोग गर्दछ । विद्यार्थीले जानकारीका लागि आलोचनात्मक मूल्याङ्कन गर्न र विश्वसनीय र अविश्वसनीय स्रोत बीचको भिन्नता गर्न सक्षम भएका छन्। गलत जानकारी दिने विश्वमा यो एक सीप भएकोले गर्दा राम्रो रहेका छ।

**(ग) सूचना साक्षरता सिकाउन**

डिजिटल साक्षरताले अनलाइन उपलब्ध जानकारीको दिन र विद्यार्थीले प्रभावकारी रूपमा पहुँच, ज्ञान र दृष्टिकोणलाई फराकिलो बनाउन सहयोग गर्छ । गहिरो नक्कलीदेखि व्यंग्यात्मक सामग्रीको बीचमा सबै कुरा सुरक्षित रहेको भन्न सकिन्न । यसले गर्दा विद्यार्थीलाई भरपर्दो जानकारी के हो र के होइन भनेर छुट्याउन निकै चुनौतीपूर्ण बनाउन सक्छ । यसलाई ध्यानमा राखेर कक्षाकोठामा सूचना साक्षरता सिकाउनमा ध्यान केन्द्रित गर्नुपर्छ । विद्यार्थीलाई जानकारीको विश्वसनीयताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सीप प्रदान गरेर गलत जानकारी बीचको भिन्नता छुट्याउन अझ राम्रोसँग सुसज्जित गर्न सहयोग हुनेछ।

**(ध ) डिजिटल जिम्मेवारीमा ध्यान दिन**

अहिले सबै व्यक्ति अनलाइनमा आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र रहेका छन् । विद्यार्थीलाई प्रविधिको जिम्मेवारी र अनलाइन शिष्टाचारको बारेमा शिक्षा दिनुपर्छ । यसले गर्दा विद्यार्थीलाई अनलाइन व्यवहारको महत्त्व सिकाउनु महत्वपूर्ण रहेको छ । विद्यार्थीले कसरी सम्मानजनकरूपमा अनलाइन व्यवहार गर्ने कुरामा ध्यान दिनुपर्छ।

**(ड) सञ्चारमा कौशल सुधार**

विद्यार्थीले विभिन्न डिजिटल परिदृश्यमा प्रभावकारी रूपमा आफ्ना विचार लेख्न आवश्यक रहेको छ। ब्लग पोष्ट, सामाजिक सञ्जालमा पोष्ट र इमेलबाट, डिजिटल साक्षरताले विद्यार्थीलाई अनलाइन क्षेत्रमा फस्टाउनका लागि आवश्यक पर्ने डिजिटल सञ्चार सीप गर्न सक्षम बनाउँछ।

**(ड) ग्लोबल कनेक्टिविटी**

डिजिटल युगको सबैभन्दा ठूलो फाइदा भनेको यसले कसरी मानिसलाई सीमापार जडान गर्न सक्षम बनाएको छ । यसको माध्यमबाट विश्वव्यापी स्तरमा सहकार्य र सिक्ने अवसर असीमित भएका छन्। डिजिटल साक्षरताले यस अन्तरसम्बन्धित वातावरणमा प्रभावकारी सहभागितालाई सहज बनाएको छ। यसको एउटा उत्कृष्ट उदाहरण डिजिटल कलाले विश्वभरका मानिसलाई प्रभावमा लिन सक्ने देख्नु हो । होली पर्वको पोस्टर वा रक्षा बन्धन कार्ड जस्ता सांस्कृतिक कला उत्पादन गर्न डिजाइन प्रविधि प्रयोग गरेर, विश्वव्यापी दर्शकलाई सबै अनौठो उत्सव देखाउँछ। यस सन्दर्भमा, डिजिटल क्षेत्रहरूले एकीकरण र सांस्कृतिक संवर्धनको लागि वातावरण प्रदान गर्न सक्छ। हामीले त्यो कसरी गर्ने ? यहाँ हामीले हाम्रा कक्षाकोठामा डिजिटल साक्षरता बढाउन अवसर प्रदान गर्न सक्ने केही सजिलो तरिका रहेका छन्।

**(क) शिक्षणमा प्राविधि समावेश गर्न**

कक्षाकोठामा डिजिटल साक्षरता प्रवद्र्धन गर्ने सबैभन्दा सरल तरिका भनेको आफ्नै शिक्षणमा प्रविधि समावेश गर्नु हो। उदाहरणको रुपमा भिडियो–आधारित पाठहरू हाल्ने, प्राविधिक उपकरण वा सफ्टवेयर प्रयोग गर्ने थप कार्य विकास गर्ने, वा आधुनिक प्रविधिसँग परिचित विद्यार्थीलाई पाठ योजनामा एकीकृत गर्न सकिने डिजिटल क्षेत्र यात्रा समावेश भएको छ।

**(ख) डिजिटल लेखन**

डिजिटल लेखन र परम्परागत लेखनका लागि दुई अद्वितीय कौशल सेट हुने गरेको विद्यार्थीले बुझ्नुपर्ने कुरा हो । उदाहरणका लागि परम्परागत निबन्धको विपरीत, विद्यार्थीलाई डिजिटल लेखनमा लिङ्क र सन्दर्भ कसरी प्रयोग गर्ने भनेर सिकाइनुपर्छ। विद्यार्थीलाई सान्दर्भिक, आकस्मिक र मिडियाको प्रयोगको साथ डिजिटल सामग्रीलाई कसरी थप अनुकूलन गर्ने भनेर पनि सिकाइनुपर्छ।

**(ग) सूचना साक्षरता**

गलत जानकारीले गर्दा प्रयोगकर्ताका लागि इन्टरनेट ट्रेन्डिङको रुपमा रहेको हन्छ। यसले गर्दा विद्यार्थीलाई भरपर्दो जानकारी के हो र के होइन भनेर छुट्याउन निकै चुनौतीपूर्ण बनाउन सक्छ। यसलाई ध्यानमा राखेर, कक्षाकोठाले सूचना साक्षरता सिकाउनमा ध्यान केन्द्रित गर्नुपर्छ । विद्यार्थीलाई जानकारीको विश्वसनीयताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सीप प्रदान गरेर तथ्य र गलत जानकारी बीचको भिन्नता छुट्याउन अझ राम्रोसँग सुसज्जित गर्नुपर्छ ।

**(ध) डिजिटल जिम्मेवारीमा ध्यान**

अहिले सबै व्यक्ति अनलाइनमा आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र रहेका छन् । विद्यार्थीलाई प्रविधिको जिम्मेवारी र अनलाइन शिष्टाचारको बारेमा शिक्षा दिनु महत्त्वपूर्ण रहेको छ। यसले गर्दा विद्यार्थीहरूलाई अनलाइन व्यवहारको महत्त्व सिकाउनु महत्त्वपूर्ण रहेको छ। विद्यार्थीले कसरी सम्मानजनक रूपमा अनलाइन व्यवहार गर्ने कुरामा ध्यान दिनुपर्छ।

**(ड) अनलाइन सुरक्षा र गोपनीयताबारे छलफल गर्न**

हामी इन्टरनेट खतरनाक ठाउँ हुन सक्छ भन्ने तथ्यलाई कम गर्दैनौं। यसैले विद्यार्थीसँग अनलाइन सुरक्षा र गोपनीयताको महत्त्वबारे छलफल गर्दा विद्यार्थीलाई डिजिटल ठाउँमा आफूलाई सुरक्षित राख्न सक्षम बनाउँछ। विद्यार्थीलाई साझा अनलाइन खतरा पहिचान गर्न र उनीहरूको व्यक्तिगत डेटा सुरक्षित राख्ने तरिका सिकाउनुपर्छ।

डिजिटल साक्षरताले विद्यार्थीलाई हाम्रो डिजिटल युगमा फस्टाउनको लागि सशक्तिकरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। कक्षाकोठामा अत्यावश्यक सीपलाई प्रवर्द्धन र स्थापना गरेर शिक्षकले विद्यार्थीको एक पुस्तालाई पालनपोषण गर्न सक्षम हुने र विद्याथीलाई शैक्षिक र भविष्यको करियर दुवैमा फस्टाउन आवश्यक पर्ने सीपले सुसज्जित गरेका छन्। एएनआइ

# अधिवेशन आह्वानप्रति कांग्रेसको असहमति




रासस
गण्डकी ।
नेपाली कांग्रेस संसदीय दल गण्डकी प्रदेशले सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा गण्डकी प्रदेशसभाको बैठक आह्वान गरिएकामा असहमति जनाएको छ । पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले आज विज्ञप्ति जारी गरी अदालतबाट भएको अन्तरिम आदेश, संविधान र विद्यमान कानुनको बेवास्ता गर्दै अधिवेशन आह्वान गरिएकामा असन्तोष जनाएका हुन् ।

विज्ञप्तिमा भनिएको छ 'सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश र मुद्दाको पेसीसमेतलाई बेवास्ता गर्दै अदालतको आदेशको समेत अवहेलना हुने गरी गण्डकी प्रदेश सरकारले विभिन्न नियुक्ति गर्नु तथा वैशाख ७ गते दिउँसो ३ बजेका लागि प्रदेशसभा बैठक आह्वान गर्न सिफारिस गर्नु र माननीय प्रदेश प्रमुखले बैठक आह्वान गर्नु गैरजिम्मेवार कदम हो ।'

गण्डकी प्रदेशमा सभामुखसमेतको संलग्नतामा गत चैत २५ गते खगराज अधिकारी मुख्यमन्त्री नियुक्त हुनुभएको विषयलाई कांग्रेसले असंवैधानिक भएको जनाउँदै गत चैत २७ गते सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो ।

सर्वोच्चले चैत २८ गते हालको सरकारलाई मुद्दाको टुङ्गो नलाग्दासम्म प्रदेश सरकारका नियमित कार्य सञ्चालनबाहेक कुनै पनि दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको थियो । साथै उक्त मुद्दालाई अग्राधिकार दिएर यही वैशाख १० गतेका लागि पेसी तोकिएको थियो । गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले नेपालको संविधानको धारा १८३ (१) बमोजिम वैशाख ७ गते ३ बजेदेखि बस्ने गरी गण्डकी प्रदेशसभाको बैठक आह्वान गरेका छन् ।

# नेकपा एसका जिल्ला कमिटीले प्रगति विवरण बुझायो

रासस
काठमाडौँ ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सबै जिल्ला कमिटीले साङ्गठनिक गतिविधिको कार्य प्रगतिको विवरण केन्द्रमा पठाएको छ । पार्टीको आगामी राष्ट्रिय महाधिवेशनको तयारी पूरा गर्ने मातहतका जिल्ला कमिटीले वडादेखि सम्बन्धित कमिटीको अधिवेशन, सञ्चालन गरेका सङ्गठन सुदृढीकरण तथा सदस्य बिस्तार, प्रशिक्षणलगायतका प्रगतिको विवरणको प्रतिवेदन केन्द्रमा पठाएको सचिव जीवनराम श्रेष्ठले जानकारी दिए । महाधिवेशन प्रतिनिधि छनौटका लागि नयाँ सदस्यता थपेको विवरण अद्यावधिक गरी प्रतिवेदनका साथै महाधिवेशन केन्द्रित अभियानमा सञ्चालित राजनीतिक कार्यक्रम केन्द्रमा बुझाएको हो । त्यसको विस्तृत अध्ययन गरिएपछि यही वैशाख अन्तिम साताभित्र प्रतिनिधि चयन गरिने छ । पार्टीको राष्ट्रिय महाधिवेशनका लागि तयार गरिएको राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, साङ्गठनिक र विधान प्रतिवेदन महाधिवेशन दस्तावेज लेखन समितिलाई बुझाइएको छ । उक्त समितिले ती प्रतिवेदनमा थप छलफल गरेपछि एउटै दस्तावेज बनाएर महाधिवेशनमा लैजाने तयारी गरिएको उनले जानकारी दिए । राजनीतिक प्रतिवेदनमा पछिल्लो विकसित राजनीतिक अवस्था, समसामयिक विषयवस्तु, अन्तर्राष्ट्रिय घटनाक्रमको समेत समीक्षा गरिएको छ । समाजवादी कार्यक्रमसम्बन्धी प्रतिवेदनमा वैज्ञानिक समाजवादी अर्थव्यवस्थाको अवधारणा, स्वरुप र संरचना, अन्तर्राष्ट्रिय




अभ्यासलाई समेटिएको छ । देशभर पार्टीको साङ्गठनिक अवस्था उल्लेख गरिएको साङ्गठनिक प्रतिवेदनमा पार्टीको वैचारिक दृष्टिकोणलाई आगामी दिनमा जनताका बीच लैजान सुझाइएको छ । विधान प्रतिवेदनमा वडादेखि केन्द्रसम्म निर्वाचित हुनुपर्ने, पार्टीको केन्द्रीय तहमा ४० वर्षमुनिका २० प्रतिशत युवा सहभागिता गराउने विषयलाई महत्व दिइएको छ । महाधिवेशन सफल बनाउन पार्टीले अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा १०३औँ महाधिवेशन मूल व्यवस्थापन कमिटी गरेको छ । उक्त कमिटीअन्तर्गत अन्य १३ कमिटीले सम्बन्धित कार्यक्षेत्रका तयारी तीव्र रुपमा सञ्चालन गरेको जनाइएको छ ।

# विप्लवको पार्टीले निर्वाचनमा भाग लिने

मधेशदृष्टि
वीरगंज ।
नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले आगामी आम निर्वाचनमा भाग लिने भएको छ ।

केन्द्रीय कार्यालय कपिलवस्तुमा बुधबारदेखि जारी नेकपा नवौं केन्द्रीय समितिको पाँचौं पूर्ण बैठकअघि बसेको पोलिटब्यूरो बैठकले यसलाई पारित गरेको हो । यस अघिका आम निर्वाचनहरुमा भाग लिन छोडेको विप्लवले आगामी निर्वाचनमा भाग लिनुलाई क्रान्तिकै रुपमा लिनुपर्ने बताएका हुन् ।

नेकपा स्थायी समिति सदस्य एवम् प्रचारप्रसार विभाग इन्चार्ज अनिल शर्माका अनुसार बुधबारदेखि सुरु बैठकमा महासचिव विप्लवले 'पार्टीलाई आन्तरिक रुपले सुदृढ गरी, समाजवादको लागि फराकिलो मोर्चा निर्माण गरौं' शीर्षकको राजनीतिक प्रस्ताव र ६ महिने योजनासहितको प्रस्ताव पेस गरेका छन् । बैठकमा विप्लवले विद्यमान व्यवस्था अन्तर्गत हुने चुनाव पनि आन्दोलन र क्रान्तिकै मोर्चा भएको बताए । सम्बोधन गर्ने क्रममा उनले चुनावलाई कार्यनीति र रणनीतिको रुपमा विभाजन गरेर बुझ्ने कम्युनिस्ट आन्दोलनको पुरानो चलनले अब काम नगर्ने बताए । चुनाव पनि क्रान्तिकै भिन्न मोर्चा भएकोले आगामी २०८४ मा हुने भनिएको चुनावलाई पनि त्यसरी नै लिनुपर्ने उनको भनाइ छ ।

# 'परम्परागत कानुनमा परिवर्तन आवश्यक'

रासस
काठमाडौँ ।
पूर्वमन्त्री प्रकाश ज्वालाले विकास निर्माणसँग जोडिएका कानुन परम्परागत भएकाले तिनमा सामयिक परिवर्तन आवश्यक भएको बताउनुभएको छ ।

राससँग कुरा गर्दै नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का उपमहासचिव ज्वालाले विगतमा सूचना प्रविधिको उच्चतम प्रयोग नभएको अवस्थालाई ख्याल गरेर बनाइएका सार्वजनिक खरिद ऐनजस्ता कानुन अहिलेका सन्दर्भमा पुरानो भइसकेकाले त्यस्ता कानुनका आधारमा सहज रुपमा काम गर्न नसकिने अनुभव सुनाए ।

लागतभन्दा आधा दरमा बोलपत्र दिँदा पनि कम मूल्यका आधारमा स्वीकृत हुने स्थिति, विभिन्न अन्तरमन्त्रालय समन्वय, रुख कटान, जग्गा प्राप्ति, घरटहरा हटाउने झमेलाले समय बढी व्यतित हुने गरेकाले समन्वय र सहयोग बढाउनुपर्नेमा उनले जोड दिए । उनले समयमा आयोजनाका लागि पर्याप्त बजेट नहुने, अनियमितता हुने, कार्यक्रमको निरन्तरता र प्राथमिकतामा हेरफेर हुने समस्या देखिएको बताए ।




पूर्वमन्त्री ज्वालाले व्यक्तिगत स्वार्थमा नेताहरु केन्द्रित हुने प्रवृत्तिले मुलुकमा विकास, समृद्धि र सुशासनको अपेक्षा पूरा हुन नसकेको भन्दै वामपन्थी, राष्ट्रवादी र प्रगतिशील शक्ति मिलेर काम गरेमा समाजवादको लक्ष्य पूरा गर्ने क्रममा विकास र समृद्धिको बाटोमा अग्रसर हुन सकिन्छ भन्ने आशा पुनः पलाएको स्थितिमा राजनीतिक स्थिरतामा जोड दिनुपर्ने बताए । विकासका माध्यमबाट समाजवादको बाटोमा अग्रसर हुन वामपन्थी, प्रगतिशील शक्तिहरुको पुनः सहकार्य हुनुलाई सकारात्मक मान्दै उनले संविधानमा उल्लेखित समाजवादोन्मुख अर्थतन्त्रको परिकल्पना बमोजिम आर्थिक, सामाजिक परिवर्तनको अभियानमा केन्द्रित हुनुपर्नेमा जोड दिएका हुन् ।

नेता ज्वालाले राजनीतिक स्थायित्व र विकासका लागि विद्यमान संघीय प्रणाली र निर्वाचन प्रणालीमा पनि पुनरावलोकन गर्नुपर्छ भन्दै सरकार वा मन्त्री परिवर्तनपिच्छे सचिवहरु परिवर्तन गर्ने, आयोजनाको प्राथमिकीकरण हेरफेर गर्नेजस्ता कार्यले जनअपेक्षाअनुसार परिणाम दिन नसकिने बताए । एकै व्यक्ति कतिपटक मन्त्री, सांसद वा जनप्रतिनिधि बन्ने भन्ने सवालमा पनि स्पष्ट भएर संविधान संशोधन गर्नुपर्ने खाँचो उनले औँल्याए । प्रतिनिधिसभा, अर्थ समितिका पूर्वसभापति ज्वालाले बजेट निर्माण गर्दा कसरी उत्पादन क्षेत्रमा लगानी बढाउन सकिन्छ, बढीभन्दा बढी रोजगारीका अवसर कसरी सिर्जना गर्न विधि निर्माणलाई प्राथमिकतामा राखेर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनेगरी बजेट केन्द्रित हुनुपर्ने विचार व्यक्त गरे । 'राजस्व सङ्कलन बढाउने, स्रोतसाधन बढाउने तथा योजना आवश्यकता र प्राथमिकताका आधारमा वर्गीकरण गरिनुपर्ने आवश्यकता छ । विगतमा अगाडि बढाइएका अधुरा योजनालाई सम्पन्न गराउने, मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउने, उत्पादन वृद्धि गरी रोजगारी सिर्जना गर्ने र जनतालाई सेवासुविधा दिने नयाँ योजना छनोट गरी बजेटको सुनिश्चितता गरिनुपर्छ' उनले भने । सबै कामको आधार कानुन भएकाले सङ्घीयता कार्यन्वयनसँग सम्बन्धित सङ्घीय निजामती सेवा ऐन, सङ्घीय शिक्षा ऐनलगायत कानुनलाई संसद्बाट जतिसक्दो चाँडो पारित गर्नुपर्ने बताए ।

# मानवीय विकास पहिलो प्राथमिकताः मुख्यमन्त्री



रासस
मोरङ ।
कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशले मानवीय विकासलाई पहिलो प्राथमिकतामा राखेको बताएका छन् । जीवन विकास लघुवित्तको सहकार्यमा प्रथम श्री जिरो क्लब सदस्य सम्मेलन–२०८१ को बुधबार मोरङको कटहरीमा शुभारम्भ गर्दै उनले मानवीय विकासबाट प्रदेशले समृद्धि हाँसिल गर्ने विचार व्यक्त गरे ।

मुख्यमन्त्री कार्की यस क्षेत्रमा आवश्यक रहेको चिकित्सक, इन्जिनियर, अधिवक्ता, कृषि र पशु स्वास्थ्यकर्मीलगायतका जनशक्ति उत्पादन गर्नका निःशुल्क अध्ययनको लागि बजेटको विनियोजन गरिएको जानकारी दिए ।

उनले युवाले नयाँनयाँ कुराको अविष्कार गरी मुलुक र प्रदेशको हितका लागि कार्य गर्नु आजको आवश्यकता भएको धारणा राखे । प्रदेश सरकारले यस क्षेत्रमा छिमेकी मुलुकका धार्मिक पर्यटक आगमन वृद्धिका लागि विभिन्न समुदायको आस्थाको केन्द्र रहेका मठमन्दिर, भाषा, संस्कृति, खानपिनको संरक्षणमा विशेष जोड दिएको उनको भनाइ छ ।

स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शङ्करमान श्रेष्ठले युवायुवतीलाई नेतृत्वदायक भूमिका प्रदान गर्ने उद्देश्यले क्लबको गठन गरिएको जानकारी दिँदै युवापुस्तालाई विदेश पलायन रोक्न वित्तीय संस्थाले विशेष कार्यक्रम ल्याउनुपर्ने सुझाव दिए । जीवन विकास लघुवित्त संस्था लिका प्रमुख कार्यकारी अधिकृत सञ्जयकुमार मण्डलले क्लबका सदस्यले समाज र देशप्रतिप्रति जिम्मेवारी बोध गर्नुका साथै सामाजिक चेतनास्तरको विकासमा मद्दत पुग्ने धारणा राखे ।

# निर्वाचन आचारसंहिता पालना नगरे कारबाही

रासस
काठमाडौँ ।
निर्वाचन आयोगले यही वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा उपनिर्वाचन प्रयोजनका लागि जारी आचारसंहिताविपरीत सामाजिक सञ्जाल वा सञ्चारमाध्यमको दुरुपयोग गरेमा तत्काल कारबाही प्रक्रिया अघि बढाउने भएको छ । प्रतिनिधिसभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं (१) मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न गत चैत २८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा आचारसंहितामा अन्य विषयका अतिरिक्त सामाजिक सञ्जालबाट गलत, भ्रामक र द्वेषपूर्ण सूचना प्रकाशन तथा प्रसारण गर्न गराउन नहुने, निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले कसैलाई होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने तथा कसैको भ्रामक टीकाटिप्पणी गर्ने, गराउने नहुने व्यवस्था रहेको स्मरण गराइएको छ ।

त्यसैगरी कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेण्ट वा प्रतिकमेण्ट गर्न गराउन नहुने तथा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न गराउनपूर्ण रुपमा निषेध गरिएको छ ।

आचार संहिता उल्लङ्घनका घटनामा तत्काल आवश्यक कारबाही गर्न सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृत संयोजक रहेको जिल्ला आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिइएको छ ।

अवाञ्छित कार्य तत्काल रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको सिफारिस गर्न निर्वाचन आयोगमा एक सामाजिक सञ्जाल अनुगमन एकाइ गठन गरी कार्य हुने भएको छ ।

आमसञ्चारमाध्यमबाट हुने गलत, भ्रामक, झुटा सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा निर्वाचनलाई नकारात्मक प्रभाव पार्ने समाचारलाई निरुत्साहित गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न सम्बन्धित सञ्चारमाध्यमको अनुगमन तथा कानुनबमोजिम आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपालसमक्ष पत्राचार गर्ने निर्णय आयोगले गरेको छ ।

# सुहाङलाई जिताउन अध्यक्ष ओलीको अपिल

रासस
इलाम ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले इलाम क्षेत्र नं २ मा उम्मेदवार बनाएका युवा सुहाङ नेम्वाङलाई जिताउन यहाँका मतदाताहरुलाई अपिल गरेका छन् । इलाम क्षेत्र नं २ को देउमाई नगरपालिकास्थित मङ्गलबारे बजारमा बुधबार आयोजना गरिएको चुनावी सभालाई सम्बोधन गर्दै उनले सो अपिल गरेका हुन् ।

नेकपा (एमाले)का यस क्षेत्रका सांसद सुवासचन्द्र नेम्वाङको गएको भदौ २६ गते मृत्यु भएपछि इलाम क्षेत्र नं २ मा उपनिर्वाचन हुन लागेको हो । स्वर्गीय नेता सुवासचन्द्र नेम्वाङको सपना पूरा गर्न पनि उनका छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाइएको भन्दै अध्यक्ष ओलीले सुहाङलाई मतदान गर्न आग्रह गरे । इलाम क्षेत्र नं २ को विकास र यहाँका नागरिकको समृद्धिका लागि सुहाङ नेम्वाङ विजयी हुनुपर्ने उनको भनाइ थियो । नेकपा (एमाले)ले घरघरमा वृद्ध भत्ता पुऱ्याएको, सामाजिक सुरक्षा भत्ता वितरण गरेको र सडक निर्माणलगायत धेरै काम गरेको पनि उनले बताए । अध्यक्ष ओलीले एमालेले मुलुकमा कस्तो विकास गर्छ भन्ने कुरा आफू प्रधानमन्त्री हुँदा देखाएको बताए । उनले भने, 'म प्रधानमन्त्री हुँदा दुई सय १० पालिकादेखि सदरमुकाम जोड्ने सडक र तीन सय ९६ वटा पालिकामा अस्पताल बनाउन शिलान्यास गरेको थिएँ तर सरकारबाट बाहिरिएपछि ती सबै अलपत्र परेका छन् । अब अधुरा र अलपत्र कामहरुलाई आउँदो निर्वाचनसम्ममा पूरा गर्नुपर्छ ।'

एमालेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले एकल जातीय पहिचानको कुराले जातीय सद्भावलाई खल्बल्याउने धारणा राखे । नेकपा (माओवादी केन्द्र) को कोशी प्रदेशका अध्यक्ष हर्क नेम्वाङले कम्युनिष्टहरुलाई एक ठाउँमा ल्याउने 'एजेन्डा' पूरा गर्नका लागि पनि वामपन्थीहरुका साझा उम्मेदवार सुहाङलाई विजयी गराउनुपर्ने बताए । सो सभामा उम्मेदवार नेम्वाङले आफूले जितेको खण्डमा इलाम क्षेत्र नं २ को विकास गर्ने र यहाँका नागरिकले शिर झुकाउनुपर्ने कुनै काम नगर्ने बताए । उनले यही वैशाख १५ गते हुने निर्वाचनमा आफूलाई मतदान गर्न अपिल पनि गरे । यस क्षेत्रमा १२ राजनीतिक दल र सात स्वतन्त्र गरी १९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । एमालेका सुहाङसँगै नेपाली कांग्रेसका इलाम सभापति डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू र पहिचानवादीका स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बू (थेगिम) रहेका छन् ।

# एसोसिएटका नम्बर वान अलराउन्डर बने दीपेन्द्र




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली क्रिकेट टिमका अलराउन्डर दीपेन्द्र सिंह ऐरी टी २० वरीयतातर्फ एसोसिएट राष्ट्रको नम्बर वान अलराउन्डर बनेका छन् । मंगलबार सार्वजनिक भएको वरीयतामा ऐरी विश्वको ११औं स्थानमा छन् । उत्कृष्ट १० मा टेष्ट राष्ट्रका अलराउन्डरहरू परेका छन् । ऐरी आईसीसीको टी २० तर्फ टेष्ट राष्ट्रपछि एसोसिएटका नम्बर वान अलराउन्डर बनेका हुन् । उनी अलराउन्डरतर्फ १४ स्थान माथि उक्लिएका छन् ।

ऐरीपछि एसोसिएटमा नामिबियाका ग्रहार्ड इरास्मस १३औं स्थानमा रहेका छन् । १२ औं स्थानमा टेष्ट राष्ट्र अष्ट्रेलियाका मिचेल मार्स छन् । अलराउन्डरतर्फ पहिलो नम्बर बंगलादेशका सकिब अल हसन रहेका छन् । टी २० बलिङतर्फ भने नेपालका कुनै पनि बलर १०० भित्र समेत अटाएका छैनन् । ब्याटिङमा कप्तान रोहित पौडेल दुई स्थान तल झर्दै ५४औं स्थानमा पुगेका छन् । ब्याटिङतर्फ ऐरी १६ स्थान सुधार गर्दै ६२औं स्थानमा उक्लिएका छन् । त्यस्तै अर्का ब्याटर आसिफ शेख ३६ स्थान फड्को मार्दै उत्कृष्ट १०० भित्र अटाएका छन् । कुशल मल्ल ९ स्थान सुधार गर्दै १००औं स्थानमा परेका छन् ।

आईसीसी टी–२० अन्तर्राष्ट्रियतर्फ भने नेपाली क्रिकेट टिम एक स्थान तल झरेको छ । यसअघि १६ औं स्थानमा रहेको नेपाल १ स्थान घट्दै १७ औं स्थानमा रहेको छ । त्यस्तै, एशोसिएट राष्ट्र युएई नेपाललाई उछिन्दै १६ औं स्थानमा उक्लिएको छ । टी–२० तर्फ भारत शीर्ष स्थानमा रहेको छ । इङ्ल्यान्ड दोस्रो र अष्ट्रेलिया तेस्रो स्थानमा रहेको छ ।

# नेपालसँग साउदी अरेबिया छ विकेटले पराजित




**मधेशदृष्टि**
**वीरगंज ।**
एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले साउदी अरेबियालाई छ विकेटले पराजित गरेको छ । जितसँगै नेपाल समूह चरणमा अपराजित रहँदै सेमिफाइनलमा प्रवेश गरेको हो । ओमानको अल अमेरत खेल मैदानमा भएको बुधबारको खेल वर्षाले प्रभावित भएपछि २० ओभरबाट आठ ओभरमा झारिएको थियो । पहिलो ब्याटिङ गरेको साउदी अरेबियाले नेपाल सामू जितका लागि ७४ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।सो लक्ष्य नेपालले सात दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि गुलसन झाले अविजित ३२ रन बनाए । उनले १९ बल खेल्ने क्रममा दुई छक्का र दुई चौका प्रहार गरे । साथै दीपेन्द्र सिंह ऐरीले १७ र कप्तान रोहित पौडेलले १६ रन बनाए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । साउदी अरेबियाका लागि इस्तिक अहमदले दुई विकेट लिए भने उसमान नाजीव र वाजी उल हसनले एक÷एक विकेट लिए ।टस हारेर पहिले ब्याटिङ गरेको साउदी अरेबियाले निर्धारित आठ ओभरमा सात विकेटको क्षतिमा ७३ रन बनाएको थियो । उसका लागि अब्दुल वाहिदले सर्वाधिक ३७ रन बनाए । उनले १६ बल खेल्ने क्रममा तीन छक्का र तीन चौका प्रहार गरे । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । नेपालका लागि करन केसी र अभिनाश बोहोराले दुई÷दुई विकेट लिए भने प्रतीस जिसी र ललित राजवंशीले एक÷एक विकेट लिए । समूह 'ए'मा रहेको नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेट, दोस्रो खेलमा कतारलाई ३२ रन र तेस्रो खेलमा हङकङलाई आठ विकेटले पराजित गरेको थियो । बुधबार नेपालको जीतले हङकङ पनि उपविजेता बन्दै सेमिफाइनलमा पुगेको छ । सेमिफाइनलमा पुग्न बुधबार साउदीले नेपाललाई हराउनैपर्ने थियो तर साउदी नेपालसँग हार्दा हहङकङ सेमिफाइनलमा पुगेको हो । बुधबार नै भएको अर्को खेलमा हङकङले मलेसियालाई सात विकेटले पराजित गरेको छ । मलेसियाले दिएको एकसय ४१ रनको लक्ष्य हङकङले १२ ओभर एक बलमा तीन विकेट गुमाएर पूरा गऱ्यो । सेमिफाइनलका खेल शुक्रवार, तेस्रो स्थानको खेल शनिवार र फाइनल खेल आइतवार हुनेछ । यो प्रतियोगिताको उपाधि विजेता टोलीले एशिया कप खेल्न पाउनेछ ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# अर्थमन्त्री पुन र विश्व बैंकका दुई उपाध्यक्षबीच भेटवार्ता



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले विश्व बैंकका उपाध्यक्षद्वय आकिहिको निसिओ र ग्वाङ्झे चेनसँग भेटवार्ता गरेका छन् । आकिहिको निसिओ विश्व बैंकका विकास वित्त (डीएफआई) परिचालन र ग्वाङ्झे चेन पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष हुन् । दुवै उपाध्यक्षसँग मन्त्री पुनले वासिङ्टन डिसीस्थित विश्व बैंक मुख्यालयमा मंगलबार राति भेटवार्ता गरेको उनको सचिवालयले जनाएको छ । अमेरिकी अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)का उपाध्यक्ष रिकार्डो पुलिटीसँग अर्थमन्त्री पुनले भेटवार्ता गरेका थिए ।

सो अवसरमा अर्थमन्त्री पुनले विश्व बैंकका उपाध्यक्ष आकिहिको निसिओसँग आगामी जुनमा काठमाडौँमा विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास सङ्घ (आईडीए–२१)को बैठक गर्ने नेपालको प्रस्ताव स्वीकार गरेकामा धन्यवाद दिए । सो बैठकको राम्रो तयारी भइरहेको भन्दै त्यसका लागि काठमाडौँस्थित विश्व बैंकको देशीय कार्यालयसँग समन्वय गरिरहेको बताए । उनले नेपालमा सहुलियतपूर्ण कर्जा वा अनुदानमार्फत लगानीका थप क्षेत्र पहिल्याउन आग्रह गरे । नेपालजस्ता विकासोन्मुख देशका लागि भरपर्दो माध्यम बनाउन सकिने भन्दै मन्त्री पुनले पछिल्लो दशकमा दूरसञ्चार, यातायात, स्वच्छ ऊर्जाजस्ता क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धि विश्व समुदायले हेर्न लायक भएको उल्लेख गरे ।

नेपाल सरकार र १६ विकास साझेदारले सन् २०२१ मा संयुक्त रुपमा अनुमोदन गरेको हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) का लागि रणनीतिक कार्ययोजना समावेश गरिएको काठमाडौँ घोषणापत्रको मार्गनिर्देशनमा अघि बढेको उनले जानकारी दिए । सो घोषणापत्रको अवधारणाअनुसार आगामी वर्ष पहिलो हरित उत्थान र समावेशी विकास कार्यक्रम अन्तर्गतको (ग्रिड डिपीसी) कार्यान्वयन गर्न लागिएको उनको भनाइ थियो । मन्त्री पुनले एक हजार ६३ मेगावाटको माथिल्लो अरुण अथजलाशययुक्त आयोजना र छ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनामा विश्व बैंकले लगानी गर्न देखाएको तत्परताका लागि प्रशंसा गरे । विश्व बैंकको पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष ग्वाङ्झे चेनसँग भएको भेटमा मन्त्री पुनले नेपालले पूर्वधार विकासलाई उच्च प्राथमिकतामा राखेको बताए ।

सरकारका तर्फबाट ऊर्जा, यातायात र सहरी पूर्वाधार केन्द्रित योजनामा जोड दिइएको उनको भनाइ थियो ।

उनले गत साता मात्र दुई ठूला जलविद्युत आयोजनाहरू माथिल्लो अरुण र दूधकोशीको वित्तीय ढाँचाबारे विश्व बैंकका काठमाडौँस्थित अधिकारीहरुसँग भएको 'राउण्डटेबल' बैठक फलदायी भएको भन्दै छिट्टै वित्तीय व्यवस्थापनको टुङ्गो लाग्नेमा आशा व्यक्त गरे । दुवै आयोजना नेपालको 'गेम चेन्जर' भएको उनले ती अयोजनाको विकासले नेपालको ठूला पूर्वधार निर्माण क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गरे । आगामी असारभित्रमा माथिल्लो अरुण जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन हुनेमा आफूहरु ढुक्क रहेको उनले उल्लेख गरे ।

माथिल्लो अरुण आयोजना क्षेत्रका प्रभावितलाई मुआब्जा र क्षतिपूर्ति वितरण, पहुँचमार्ग निर्माण तथा जमिनको अधिग्रहणजस्ता काम सकिने चरणमा पुनेको उनले जानकारी दिए । नेपालले जलविद्युत्का लागि क्षेत्रीय बजारको समेत सुनिश्चितता गरेको भन्दै उहाँले भारतसँग आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता गरेको र बङ्गलादेशले समेत नेपालको विद्युत् किन्ने प्रक्रिया अघि बढिसकेको स्पष्ट पारे । आईएफसीका उपाध्यक्ष पुलिटीसँगको भेटमा मन्त्री पुनले आगामी दिनमा आईएफसी र नेपालबीचको सहकार्य थप प्रगाढ र सुदृढ भएर जाने विश्वास व्यक्त गरे । नेपाल र आईएफसीबीच पाँच दशक लामो सहकार्य रहेको स्मरण गर्दै मन्त्री पुनले नेपालको पर्यटन क्षेत्रमा आईएफसीले पहिलोपटक लगानी गरेको बताए ।

निजी क्षेत्रसँग सम्बन्धित भएर नेपालको आर्थिक विकास प्रयास तथा पुँजीको व्यवस्थापनमार्फत निजी क्षेत्रको विकासमा आईएफसीले गरेको सहयोग सराहनीय रहेको उनको भनाइ थियो । उनले आगामी दिनमा लगानीका क्षेत्र बढाउन तथा पुँजी परिचालन तथा प्राविधिक सहयोग बढाउन पनि अपिल गरे । नेपालको पर्यटन, ऊर्जा, यातायात र कृषि क्षेत्रमा आईएफसीको सहयोग रहँदै आएको उनले बताए । आगामी दिनमा नेपालमा सूचना प्रविधि क्षेत्रका लागि लगानीको राम्रो वातावरण रहेको मन्त्री पुनको भनाइ थियो । सानो अर्थतन्त्र भएका कारण लगानीयोग्य पुँजी रहेकाले वैदेशिक लगानीका स्वागत गर्ने नीति अख्तियार गरिएको मन्त्री पुनले बताए ।

निजी पुँजी परिचालन बढाउन, थप रोजगारीका अवसर सिर्जना गर्न तथा आर्थिक गतिविधि र वित्तीय पहुँच बढाएर जनताको जीवनस्तर उकास्न सरकार लागिपरेको मन्त्री पुनले उल्लेख गरे । तीनवटै भेटमा पुनले वैदेशिक लगानी भित्र्याउन यही वैशाख १६ र १७ मा काठमाडौँमा हुन गइरहेको तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गरिएको भन्दै त्यसमा उच्चस्तरको सहभागिताको अपेक्षा राखिएको बताए । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वसन्तकालीन बैठकमा सहभागी हुन मन्त्री पुन सोमबार बिहान अमेरिका प्रस्थान गरेका थिए ।

**नेपालमा लगानी गर्न लगानीकर्तालाई आग्रह**

अर्थमन्त्री वर्षमान पुनले नेपालमा यसै महिना हुन लागेको लगानी सम्मेलनमा सहभागी भई लगानीका अवसरहरु पहिचान गर्न अमेरिकी लगानीकर्ताहरुलाई आग्रह गरेका छन् । हाल अमेरिकामा रहेका अर्थमन्त्री पुनले अमेरिकी च्याम्वर अफ कमर्सद्वारा वासिङ्गटन डिसीमा आयोजना गरेको राउण्ड टेवल छलफलमा सो आग्रह गरेका हुन् । कार्यक्रममा अमेरिकी सहयोग नियोगकी उपसहायक प्रशासक अञ्जली कौर, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्री, अमेरिकी च्याम्वर अफ कमर्सको दक्षिण एसियाका लागि वरिष्ठ उपाध्यक्ष अतुल कश्यपलगायतले नेपालको उक्त लगानी सम्मेलनको बारेमा धारणा राखेका थिए । सो कार्यक्रममा नेपालमा लगानी गरिरहेका अमेरिकी कम्पनीहरुको समेत सहभागिता रहेको थियो । नेपालमा वैदेशिक लगानी भित्र्याउने अभिप्रायले गर्न लागिएको तेस्रो लगानी सम्मेलन यही वैशाख १६ र १७ गते आयोजना गरिएको छ ।

# लोकसभा निर्वाचनः 'आपका राम राज्य' वेभसाइट शुभारम्भ

**एएनआई**
**नयाँदिल्ली ।**
आशन्न लोकसभा निर्वाचनको तयारीका क्रममा राम नवमीका अवसर पारेर आम आद्मी पार्टीले 'आपका रामराज्य' नामक वेभसाइटको शुभारम्भ गरेको छ । भगवान रामको रामराज्यको प्रेरणाबाट भारतको दिल्ली र पञ्जाबमा राम्रो काम भएको प्रदर्शन गर्ने ध्येयले सञ्चालनमा ल्याइएको वेभसाइट शुभारम्भका लागि आयोजित पत्रकार सम्मेलनमा सो पार्टीका वरिष्ठ नेता सञ्जय सिंह, अतिषी, सौरभ भारद्वाज र जस्मिन शाहले सम्बोधन गरेका थिए । सांसद सञ्जय सिंहले आफ्नो पार्टीको सरकारले गत दसय वर्षमा रामराज्य महसुस हुने गरी काम गरेको जिकिर गर्दै यी उदाहरणलाई विश्वमाझ प्रस्तुत गरिएको बताए । सो पार्टीले जनमतका आधारमा अरविन्द केजरीवालको नेतृत्वमा दिल्ली र भगवन्त मानको नेतृत्वमा पञ्जाबमा सरकार सञ्चालन गरिरहेको छ । 'दिल्ली एकमात्र त्यस्तो राज्य हो, जहाँ धेरै काम हुँदा हुँदै पनि नाफामूलक बजेट कार्यान्वयनमा रहेको छ । यसबाट हामी हाम्रो राम राज्यको सोचलाई कार्यान्वयन तहमा पूरा गराउन प्रतिबद्ध छौँ देखिएको छ ।' नेता सिंहले भने, 'जसले हाम्रो राम राज्य हेर्न चाहन्छन् । उनीहरुले यो वेभसाइट हेर्नैपर्छ । दिल्ली र पञ्जाबमा हामीले के गर्यौं भन्ने सबै कुरा यहाँबाट पाउन सकिन्छ ।'सो पार्टीका नेता अतिषीले भगवान रामले राम राज्यका लागि धेरै सङ्घर्ष गर्नुपरेको उल्लेख गर्दै केजरीवालले जनतामाझ आफ्ना प्रतिबद्धता पूरा गर्न पनि दिल्ली र पञ्जाबमा त्यस्तै सङ्घर्ष गर्नुपरेको बताए । उनले भने, 'भगवान रामले १४ वर्षको निर्वासित जीवन बिताउनुभयो तर उहाँले आफ्नो सत्यको सङ्कल्प तोड्नु भएन । केजरीवाल त्यस्तै सङ्घर्षको चरणबाट अघि बढ्नुभएको छ । यस वेभसाइटबाट हामी देशका जनतालाई यदि सही ठाउँमा जनताले मत दिएमा जीवनस्तर परिवर्तनका लागि हामी के गर्छौँ भनेर देखाउन खोजेका छौँ ।'

# नासाले मंगल ग्रहका नमूनाहरू फिर्ता गर्न नयाँ डिजाइन खोज्ने

**सिन्हा**
**लस एन्जलस ।**
अमेरिकी अन्तरिक्ष संस्था (नासा)ले मंगल ग्रहबाट पृथ्वीमा मूल्यवान नमूनाहरू (सेम्पल) फिर्ता गर्न नवीन डिजाइनहरू खोजिरहेको छ । मंगल ग्रहबाट नमूना फिर्ता विगत दुई दशकदेखि अन्तर्राष्ट्रिय ग्रह अन्वेषणको दीर्घकालीन लक्ष्य हो । सन् २०२१ मा मंगल ग्रहमा अवतरण गरेदेखि नै नासाको 'पर्सेभेरेन्स रोभर' (नासाको चलिरहेको मंगल सन् २०२२ मिशनको एक भाग को रूपमा मंगल ग्रह मा अवतरण गर्नका लागि नवीनतम




रोबोटिक अन्वेषक)ले पछिको सङ्कलन र पृथ्वीमा फर्किनका लागि नमूना सङ्कलन गरिरहेको छ ।

हालको 'मिसन डिजाइन'ले सन् २०४० सम्ममा सबै नमूनाहरू फिर्ता गर्ने नासाले जनाएको छ । नासाले कम लागतमा मुख्य नमूनाहरू पृथ्वीमा फर्काउने महत्वाकांक्षी लक्ष्य हासिल गर्न र प्रविधिको लाभ उठाउने योजनाको विकासमा काम गर्न आग्रह गरिरहेको छ । नासाले चाँडै नै उद्योगबाट वास्तुकला प्रस्तावहरू माग गर्ने बताएको छ, जसले सन् २०३० सम्ममा नमूनाहरू फिर्ता गर्न सक्नेछ । यसले लागत, जोखिम र मिसनको जटिलता कम गर्छ । नासाका प्रशासक बिल नेल्सनले सुरक्षित अवतरण र नमूनाहरू सङ्कलन र अर्को ग्रहबाट नमूनाहरू लिएर रकेट प्रक्षेपण गर्ने सानो काम नभएको बताउँदै आफूरुले अगाडिको बाटो खोज्न नयाँ विकल्प सोच्नुपर्ने भनेका छन् ।

# प्लाइउड उद्योगमा स्थानीयलाई रोजगारी



**रासस**
**राँझा ।**
बाँकेको कोहलपुर नगरपालिका–१४ मा निजी क्षेत्रबाट सञ्चालित योयो प्लाइउड इण्डष्ट्रिजमा तीन सय बढी मजदुरले रोजगारी पाएका छन् । विगत चार वर्षदेखि सञ्चालित उद्योगमा कोहलपुर नगरपालिका–१४ ढोरपुर र ठाडागाउँका अधिकांश स्थानीयवासीले मजदुरका रूपमा काम गर्दै आएका छन् । खटिक समुदायको बसोबास रहेको ढोरपुर र ठाडागाउँवासीलाई यो उद्योगले रोजगारी दिएको छ । उद्योगमा कार्यरत स्थानीय युवा राधेश्याम खटिकले प्लाइउड उद्योग स्थानीयवासीका लागि जीविकोपार्जनको प्रमुख आधार भएको बताए । 'कामको खोजीमा दैनिक भौतारिनुपथ्र्यो, अहिले गाउँमा खुलेको उद्योगले ढोरपुर र ठाडागाउँका सबैजसोलाई रोजगारी दिएको छ', उनले भने । स्थानीय रामछविले खटिकले गाउँमा स्थापना भएको उद्योगले स्थानीयवासीलाई रोजगारीमा प्राथमिकता दिएका कारण आफूहरूले रोजगारी पाएको बताए । उद्योग बन्द हुँदा सबैभन्दा बढी मार आफूहरूलाई पर्ने भएकाले भर्खर सञ्चालनमा आएको उद्योगमा कुनै पनि राजनीतिक आस्थाका आधारमा ट्रेड युनियन गठन गर्नभन्दा पनि उद्योगलाई स्थापित गर्न मजदुर लाग्नुपर्नेमा उनले जोड दिए । सोही उद्योगमा तीन वर्षदेखि कार्यरत सुर्जा कार्की भण्डारीले गाउँमै स्थापना भएको उद्योगका कारण अहिले रोजगारी पाएपछि स्थानीयवासीको जीविकोपार्जनमा सहजता भएको बताइन् । देशमा काम नपाएर विदेश जानुपर्ने अवस्थामा योयो प्लाइउडले गाउँमै रोजगारी दिएर आफूहरूलाई ठूलो गुन लगाएको उनले बताइन् । उद्योगमा ट्रेड युनियन गठनका नाममा काममा अवरोध भएको प्रति उनलाई चित्त बुझेको छैन । आफूलाई उद्योग नै बन्द गराउने ट्रेड युनियन नचाहिएको उनले बताइन् । 'ट्रेड युनियन गठन भएर धेरै सेवा सुविधा मागेपछि केही दिन उद्योग बन्द भयो, उद्योग बन्द हुँदा हाम्रो रोजगारी पनि बन्द हुन्छ', उनले भनिन् । उद्योगका प्रबन्ध निर्देशक राजीव श्रेष्ठले उद्योग अझै पूर्ण रूपमा सञ्चालन नभएको बताए । अहिले तीन सय बढी मजदुरलाई रोजगारी दिएको उद्योग पूर्ण रूपमा सञ्चालन हुँदा आठ सय बढीले रोजगारी पाउने उनले जानकारी दिए । उद्योगको क्षमताअनुसार पूर्ण रूपमा सञ्चालन हुन नसक्दा दैनिक करिब पाँच लाख रुपैयाँ घाटा व्यहोर्दै आएको उद्योगले मजदुरलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउँदै आएको उल्लेख गर्दै उनले भने, 'हामी सरकारले तोकेको मापदण्ड पालना गर्दै मजदुरलाई पारिश्रमिक दिँदै आएका छौँ, घाटामा गएको उद्योगले अहिले तत्काल मजदुरको पारिश्रमिक वृद्धि र बोनस खुवाउन सक्ने अवस्था छैन, तर परिस्थिति सुध्रिनासाथ मजदुरको सेवा सुविधा र संख्या बढाउँदै लैजाने हाम्रो सोच छ ।'

**ट्रेड युनियन गठनले कर्मचारी विभाजित**

उद्योग पूर्ण रूपमा सञ्चालन हुन नपाउँदै मजदुर सङ्गठनका नाममा अवरोध सिर्जना गर्ने काम भएको उद्योगका प्रबन्ध निर्देशक श्रेष्ठको गुनासो छ । अहिले सञ्चालन हुँदा दैनिक पाँच लाख रुपैयाँ घाटा व्यहोर्दै आएको उद्योग बन्द हुँदा दैनिक १० लाख रुपैयाँभन्दा बढी घाटा हुने भएकाले सहज रूपमा उद्योग सञ्चालनको वातावरण बनाउन उनले अनुरोध गरेका छन् । स्थानीयवासीको बाहुल्य रहेको उक्त उद्योगमा तीन सय बढी मजदुरले काम गर्दै आएका छन् । हाल उद्योगमा नरहेका गैरमजदुरलाई सङ्गठित गरी जबर्जस्ती ट्रेड युनियन गठन गर्न खोजेपछि त्यहाँ कार्यरत मजदुर त्यसको विपक्षमा उत्रिएका छन् । उद्योगमा अखिल नेपाल औद्योगिक मजदुर सङ्घले शान्ति रानाको नेतृत्वमा मजदुर सङ्घ गठन गरेको छ । उद्योगका प्रबन्धक पूर्णबहादुर विष्टले सङ्घको नेतृत्व गरेकी रानासहितका अधिकांश सदस्य उद्योगमा कार्यरत नै नरहेको बताए । उनले उद्योगमा कार्यरत नै नरहेका फर्जी नाम राखेर ट्रेड युनियन गठन गरेकामा आपत्ति जनाए । ट्रेड युनियनकी अध्यक्ष रानाले आफूहरूले मजदुरको हकहितका लागि ट्रेड युनियन खोलेको बताइन् । ट्रेड युनियनको पक्षमा लाग्ने मजदुरलाई उद्योगले कामबाट निकालेको उनको आरोप छ । ट्रेड युनियन गठनसँगै मजदुर विभाजित भएका छन् । अधिकांश मजदुर उद्योग नियमित सञ्चालन गरी आफ्नो रोजगारी सुनिश्चित हुनुपर्ने माग गर्दै ट्रेड युनियन खारेजीको पक्षमा लागेका छन् ।

# दृष्टिविहीनलाई बाटो देखाउँदै 'गुगल'



**रासस**
**अन्नपूर्ण ।**
गुल्मीबाट पढाइको सिलसिलामा पोखरा आएकी दृष्टिविहीन रीता ज्ञवालीले सेतो छडी लिएर बाटो हिँड्दा अनेक समस्या झेल्नुपरेको थियो । सवालाङ्गहरूसमक्ष आफू पुगेको स्थानबारे बताइदिन र बाटो पार गराइदिन आग्रह गर्दा पटकपटक तिरस्कृत भएको उनले सुनाइन् । अब त्यो समस्याबाट उनी मुक्त भएकी छन् । 'पहिलादेखि नै हामीलाई सेतो छडी लिएर हिँड्ने बानी पर्यो । त्यसरी हिँड्दा बाटो देखाइदिन आग्रह गर्दा नबोल्ने, बाटो 'क्रस' गराइदिन आग्रह गर्दा वास्ता नगर्ने, कहिलेकाहीँ त 'ह्यारेसमेन्ट' पनि झेल्नुपरेको थियो', उनले भनिन्, 'प्रविधि हाम्रा लागि पनि बनेको छ । हामीले चलाउन जान्ने हो भने समस्या आफैँ समाधान हुन्छ । प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिममा सिकेको सीपले हामीलाई सहज भएको छ ।' रीताजस्तै अरु दृष्टिविहीन पनि अबका दिनमा अरुको सहाराबिना हिँडडुल गर्नेमा विश्वस्त छन् । उनीहरुका लागि पोखरा महानगरपालिकाको सहयोगमा कास्की नेत्रहीन सङ्घले प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिम दिएको छ । तालिममा भाग लिएकी दृष्टिविहीन रोजिना घिमिरेले पनि तालिम निकै फलदायी भएको बताइन् । 'हामीलाई आवश्यकताले सञ्जाल चिनाएको छ । सञ्जालले सञ्चार चिनाएको छ र सञ्चारले संसार चिनाएको छ', रोजिनाले भनिन्, 'प्रविधिले अपाङ्गता व्यक्तिलाई सहज बनाएको छ हामीलाई भने असम्भवलाई सम्भव बनाएको छ । दृष्टिविहीनलाई यसले दुष्टियुक्त बनाउन मद्दत गरेको छ ।' 'गुगल' नक्साका आधारमा आफू कहाँ पुग्ने हो त्यो 'सेट' गरेपछि दायाँ, बायाँ, बाटो पार गर्नेलगायत सबै भनिदिने हुँदा सहज भएको रोजिनाले बताइन् । मोबाइल भएपछि सहयोगी आवश्यक नपर्ने उनको भनाई छ । तालिमका प्रशिक्षक तथा राष्ट्रिय अपाङ्ग महासङ्घ, गण्डकीका अध्यक्ष खोमराज शर्माले तालिममा दृष्टिविहीनलाई 'गुगल म्याप'सँगै 'ई–सेवा, इन्ड्राइभ, पठाओ'जस्ता 'एप्लिकेसन' चलाउन पनि सिकाइएको जानकारी दिए । यसले उनीहरूको दैनिकीमा सहयोग पुग्ने उनले सुनाए । प्रविधिको अधिकतम प्रयोग गर्नसके दृष्टिविहीनतालाई अवसरका रूपमा लिन सकिने उनले बताए । 'प्रविधिमा साँच्चै हाम्रो पहुँच हुने हो भने हामीले हीनतावोध गर्नुपर्दैन । हामीले गर्न नसक्ने भन्ने विषय सबै विगत बनिदिन्छ', प्रशिक्षक शर्माले भने, 'तर चुनौती भनेको यसको समाधान न हाम्रो सरकारलाई थाहा छ न 'एप्लिकेसन डेभलपर'लाई थाहा छ ।

यो चुनौती चिर्न स्थानीय, प्रदेश र सङ्घ सरकारले लगानी गर्न जरुरी छ ।' राष्ट्रिय अपाङ्ग महासङ्घको केन्द्रीय सदस्य पुष्पराज रिमालले प्रविधिले आफूहरूलाई सक्षम बनाएको बताए । 'सामान्य रूपमा हेर्दा मोबाइल केही होइन तर सबैथोक हो', उनले भने, 'प्रविधिले हामीलाई सक्षम बनाएको छ । त्यसलाई हामीले चिन्नुपर्छ ।' सरकारले हरेक क्षेत्रमा हरेक नागरिकका लागि उपयुक्त प्रविधिमा लगानी गर्नुपर्ने उनको धारणा छ । कास्की नेत्रहीन सङ्घका अध्यक्ष श्रीकान्त सापकोटाले सङ्घले दृष्टिविहीनका लागि विभिन्न कार्यक्रम र तालिम गरिहेको बताए । 'हामीले नेपालमै पहिलोपटक सेतो छडी प्रयोग गरेर कसले राम्रोसँग हिँड्नसक्छ भनेर गमनशीलता प्रतियोगिता गर्यौँ । त्यसपछि सेतो छडी लिएर हिँड्न गमनशीलता तालिम पनि दियौँ', अध्यक्ष सापकोटाले भने, 'अब नयाँ ढङ्गले जाऊ भनेर अहिले प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिम आयोजना गरेका हौँ ।' उनले अहिले पनि संविधानको मर्मअनुसार सबै ठाउँमा समावेशिता नभेटिएको बताए । 'बी माई एआई' प्रयोग गरेर दृष्टिविहीनले सबै विषय थाहा पाउने प्रविधिको विकास भइसक्दा पनि त्यसमा कसैको ध्यान नगएको अध्यक्ष सापकोटाको गुनासो थियो । यसका लागि राज्यले तालिम, साधन अनि पहुँचताको सुनिश्चितता गर्नुपर्ने उनले बताए । दृष्टिविहीनको हकअधिकारका लागि संस्थाले आगामी दिनमा पनि रचनात्मक कार्यक्रम गर्दै जाने उनले जानकारी दिए । कास्कीमा एक हजार पाँच सयको हाराहारीमा दृष्टिविहीन रहेको कास्की नेत्रहीन सङ्घका अध्यक्ष श्रीकान्त सापकोटाले जानकारी दिए । 'कास्कीमा अध्ययन, रोजगारीका लागि अन्य जिल्लाबाट पनि आउनुभएका दृष्टिविहीन साथीहरू हुनुहुन्छ । केही ग्रामीण क्षेत्रमा पनि हुनुहुन्छ', उनले भने, 'सबै गरेर एक हजार पाँच सय जति छौँ । त्यसमा हाम्रो सङ्घमा एक सय ५० जना आबद्ध छौँ ।' प्रविधिमा पहुँचयुक्त गमनशीलता तालिममा २४ जना सहभागी भएका थिए ।

# मानव–हात्ती द्वन्द्व घटाउन ७६ किलोमिटर सौर्य तारबार



**रासस**
**बनियानी ।**
मानव–हात्ती द्वन्द्व घटाउन झापाका विभिन्न स्थानमा ७६ किलोमिटर अफसेट सोलार फेन्स (सौर्य तारबार) निर्माण गरिएको छ । झापामा पहिलोपटक बाहुनडाँगीमा २०७३ सालमा एक करोड २० लाख रुपैयाँको लागतमा १८ किलोमिटर विद्युतीय तारबार निर्माण गरिएको थियो । त्यसपछि २०७६ साल चैतमा जलथल वन क्षेत्रमा पहिलो चरणमा ३५ किलोमिटर सौर्य तारबार लगाइको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले जानकारी दिए । हल्दिबारी, कचनकवल, बाह्रदशी र भद्रपुरसँग जोडिएको वन क्षेत्रअन्तर्गत निर्माण गरिएको सौर्य तारबारको लागत पाँच करोड ६५ लाख २७ हजार रुपैयाँ छ । २०७८ चैतमा जलथल वन क्षेत्रमा दोस्रो चरणमा भद्रपुरमा एक करोड एक लाख ४४ हजार रुपैयाँ लागतमा छ दशमलव ३९ किलोमिटर सौर्य तारबार गरिएको कार्यालयले जनाएको छ । मेचीनगर नगरपालिकाको चारआली–मागुरमाडी खण्डअन्तर्गत १६ दशमलव ९८ किलोमिटर सौर्य तारबार लगाइएको छ । गत असारमा दुई करोड ५३ लाख ९५ हजार रुपैयाँको लागतमा खण्डमा बार लगाइएको हो । बार लगाउन राज्यकोषबाट रकम खर्च भएको हो । राष्ट्रिय प्रकृति संरक्षण कोषले त्यसमा प्राविधिक परामर्श प्रदान गरेको थियो । पहिले लगाइएका केही स्थानका बार जीर्ण भएकाले मर्मत गर्नुपर्ने भएको छ ।

बाहुनडाँगीस्थित १८ किलोमिटर तारबार मर्मत गर्न करिब ३० लाख र जलथल क्षेत्रका लागि ४४ लाख ४७ हजार रुपैयाँ आवश्यक पर्ने प्रमुख राईले जानकारी दिए । देशको पूर्वी नाकाबाट प्रत्येक वर्ष दुईपटक मानव बस्तीमा हात्ती प्रवेश गर्दै आएका छन् । वैशाखको दोस्रो हप्तादेखि असारको तेस्रो हप्तासम्म र कात्तिकको दोस्रो हप्तादेखि पुस–माघतिर हात्ती आउने गरेका छन् । विसं २०७५ अघि झापामा १०–१२ वटा हात्ती बस्ने गरेकामा त्यसपछि त्यो संख्या वृद्धि हुँदै हाल ३५ पुगेको छ । अहिले वर्षैभरि बस्ने गरेका डिभिजन वन कार्यालयले जनाएको छ । 'यसै वर्ष झापाको विभिन्न स्थानमा चारवटा छावा जन्मेका छन्', प्रमुख राईले भने । जिल्लामा २०६८ सालदेखि हालसम्म हात्तीको आक्रमणबाट ६७ जनाको मृत्यु भइसकेको छ भने २०६२ सालदेखि हालसम्म २० वटा हात्तीको मृत्यु भएको छ । विसं २०६८ देखि गत वर्षसम्म सात करोड १९ लाख ७० हजार छ सय ९७ रुपैयाँ पीडितलाई राहत रकम वितरण भएको छ । हात्तीको आक्रमणमा परी चालु आर्थिक वर्षमा सातजनाको मृत्यु भएको छ । चालु आवमा हात्तीको आक्रमणबाट पाँच सय ३२ घटनाका पीडितलाई एक करोड २६ लाख रुपैयाँ राहतस्वरुप प्रदान गर्न बाँकी छ ।

# हस्तकलाबाट मनग्य आम्दानी गर्दै महिला



**रासस**
**घोराही ।**
यहाँका महिला विभिन्न पेसा व्यवसायमा सरिक भएर मनग्य आम्दानी गर्दै आएका छन् । विशेष गरी हस्तकलाका विभिन्न सामग्री सामग्री बनाएर उनीहरू आकर्षक आम्दानी गर्न सफल भएका हुन् । हस्तकलाका सामग्री उत्पादनका माध्यमबाट आयआर्जनका गतिविधिमा जोडिएपछि घर चलाउन सहजतासँगै बचतसमेत गर्ने गरेको लमही नगरपालिका–५ निवासी सरिता चौधरी बताउँछिन् । हस्तकलासम्बन्धी मेरी हस्तकला उद्योग स्थापना गरेर व्यवसाय गर्दै आएकी चौधरीले कला, संस्कृतिको संरक्षणसँगै आफूजस्ता महिलाका लागि आम्दानीको स्रोत बनेको बताइन् । हस्ताकलाका सामग्री उत्पादन गरेर आम्दानी गर्दै आएकी चौधरीले भनिन्, 'हस्तकलासम्बन्धी काम गर्दा हराउँदै गएको सीपको संरक्षणसँगै व्यवसायबाट आम्दानी हुने गरेको छ ।' उनका अनुसार थारू समुदायसँग सम्बन्धित हस्तकलाका सामग्री खपत राम्रो हुने भएकाले बनाउन सके महिनामा १५–२० हजार रुपैयाँ सजिलै कमाउन सकिने उनले बताइन् । हस्तकला व्यवसाय नगर्दा घरको काम सकेर फुर्सदिलो भएर बस्नुपर्ने भए पनि काम सुरु गरेपछि पछिल्लो समय फुर्सद नहुने गरेको बताइन् । उनले भनिन्, 'घरमा काम नहुँदा पहिले दिनभर गफगाफसँगै टिभी, मोबाइल हेरेर समय बित्थ्यो, अहिले कामले गर्दा फुर्सद हुँदैन ।' उनले गमला, ढकिया, टोकरी, पेनहोल्डर, हटकेस, थाल टोकरी, ट्रेलगायतका सामग्री बनाउँदै आएकी छन् । सरिताजस्तै सुमित्रा चौधरी पनि हस्तकलाका सामग्री उत्पादन गरी आम्दानी गर्दै आएकी छन् । तीन वर्षअघि सीप सिकेर हस्ताकलाका सामग्री उत्पादनमा लागेकी सुमित्राले महिनामा २० हजार रुपैयाँसम्म कमाउने गरेको बताइन् । घरको काम गरेर बचेको फुर्सदको समयमा आफूले सामग्री बनाएर बिक्री गर्ने गरेको बताइन् । उनले भनिन्, 'घरको कामसँगै हस्तकलाका सामग्री उत्पादन गर्नुपर्ने भएकाले धेरै समय मिल्दैन । सामग्री उत्पादनमा मात्रै लाग्नुभएका महिलाले महिनामा ३० हजार रुपैयाँसम्म कमाउने गर्नुभएको छ ।' उनका अनुसार काठमाडौँमा धेरै बिक्री हुने सामग्री मागअनुसार उत्पादन गर्दै आएको बताइन् ।

# अभिभावकको प्रयासमा सुधारिएको सामुदायिक विद्यालय

**रासस**
**धरान ।**
सरकारको मात्र मुख नताकी विद्यालय आफ्नै प्रयासमा पनि सुधार गरी अभिभावक र विद्यार्थी आकर्षित हुन्छन् भन्ने उदाहरण बनेको छ, धरान उपमहानगरपालिका–१२ स्थित 'पब्लिक हाइस्कुल' । धरानकै अन्य विद्यालयमा विद्यार्थीको संख्या घटिरहेका बेला पब्लिकमा भने बर्षेनि विद्यार्थी बढेका बढ्यै छन् । विद्यार्थीको चाप अत्यधिक भएपछि विद्यालयले हरेक वर्ष प्रवेश परीक्षाबाट छनोट गरेर क्षमताअनुसारका मात्र विद्यार्थी भर्ना गर्ने गरेको छ । नयाँ शैक्षिकसत्रमा भर्ना हुने विद्यार्थीको संख्या दोब्बरभन्दा बढी भएपछि विद्यालयमा मङ्गलबार प्रवेश परीक्षा सञ्चालन भयो । विद्यालयले नर्सरीदेखि कक्षा ९ सम्म जम्मा तीन सय १४ विद्यार्थीका लागि भर्ना आह्वान गरेकोमा प्रवेश परीक्षामा सात सय १२ जना सहभागी भएको विद्यालयका संयोजक वीरेन्द्रबहादुर साहले जानकारी दिए । मङ्गलबार पब्लिक हाइस्कुलमा आफ्ना सन्तानलाई प्रवेश परीक्षाका लागि ल्याउनेमा इटहरीस्थित सिबी कलेजमा प्रिन्सिपल सागर भट्टराई पनि एक थिए । उनले पब्लिकमा पढाइ राम्रो भएकाले छोरालाई भर्ना गराउन चाहेको बताए । उनले भने, 'पहिला आफूले पढाएका धेरै विद्यार्थी अहिले यहि विद्यालयमा शिक्षक छन्, उनीहरुप्रतिको विश्वासले पनि दिल्ली पब्लिक स्कुलबाट छोरालाई यहाँ ल्याउन चाहेको हुँ ।' धरानका सुदर्शन श्रेष्ठले पनि निजी विद्यालयमा पढिरहेका छोरालाई पब्लिकमा प्रवेश परीक्षाका लागि ल्याएका थिए । उनले विद्यालयमा पढाइरहेका अन्य अभिभावकले पढाइ राम्रो रहेको बताएपछि आफूले पनि ल्याउन चाहेको जानकारी दिए । अभिभावक प्रविना लिम्बुले सामुदायिक विद्यालय भएपनि पब्लिकमा गाडी र अन्य धेरै सुविधा पनि भएकाले आफू आकर्षित भएको बताए । त्यस्तै राधिका कार्कीले पनि विभिन्न विषयको पढाइ हुने जानकारी पाएर यही विद्यालयमा भर्ना गर्न चाहेको बताए । विद्यालयका शिक्षक–अभिभावक सङ्घ अध्यक्ष राजेन्द्र किरातीले विद्यालयले अभिभावकसँग पटक–पटक छलफल र सहकार्य गरेर पठनपाठनमा सुधार गर्दै लगेका कारण अभिभावकहरुको आकर्षण बढेको बताए । उनी भन्छन्, 'पहिला यो विद्यालय पनि अन्य सामुदायिक विद्यालय भन्दा फरक थिएन तर जब विद्यालयले अभिभावकसँग समस्या राखेर समाधानको बाटो खोज्यो त्यसपछि अभिभावककै सहयोगमा विद्यालय चलिरहेको छ । हामी अभिभावक पनि खुसी छौँ ।' विद्यालयले विद्यार्थीका अभिभावकसँग आर्थिक सहयोग जुटाएर विभिन्न सुविधा थप गरिरहेको छ । पब्लिकसँग हाल छ वटा विद्यालय बस छन् । ल्याव, पुस्तकालय तथा मन्टेश्वरी कक्षा पनि सञ्चालन छ । विद्यालयका प्रधानाध्यापक डा इन्द्रमोहन झा अभिभावकको सहयोगकै भरमा विद्यालयको स्वरुप परिवर्तन भएको बताउँछन् । उनका अनुसार विद्यालयमा शिक्षक र कर्मचारी गरेर हाल एक सय ९२ जना कार्यरत छन् । त्यसमध्ये जम्मा ४० जनाको मात्र सरकारले तलब दिन्छ । बाँकीलाई अभिभावकसँग सहयोग जुटाएर तलबको व्यवस्थापन गरिएको छ । उनी भन्छन्, 'दश वर्षअघिसम्म यो विद्यालय पनि अरु सामुदायिक विद्यालयभन्दा फरक थिएन । गुणस्तर कमजोर थियो । हामीले अभिभावक र सरोकारवालासँग छलफल गरेर सुधारको प्रयास गर्दा अभिभावकले सहयोग गर्नुभयो । अहिले त्यसैको भरमा चलेका छौँ ।' विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म जम्मा तीन हजार पाँच सय हाराहारी विद्यार्थी छन् । यो विद्यालयलाई सरकारले नमूना विद्यालयका रुपमा समेत छनोट गरेको छ । यसपटकबाट सरकारले विज्ञान पठनपाठनका लागि कार्यक्रम सञ्चालन गर्न पब्लिकलाई पनि छनोट गरेको छ । विद्यालयमा हाल इलेक्ट्रिकल इञ्जिनियरिङ, कम्प्युटर साइन्स, कम्प्युटर म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, ब्युटिसियन कक्षा समेत सञ्चालन भइरहेका छन् । हाल नर्सरीदेखि ९ कक्षासम्म अंग्रेजी माध्यम र १० देखि १२ सम्म नेपाली र अङ्ग्रेजी दुवै माध्यमबाट पठनपाठन भइरहेको प्रधानाध्यापक डा झाले बताए । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घको कोशी प्रदेश समिति सचिव तथा पब्लिक हाइस्कुल विद्यालय व्यवस्थापन समिति अध्यक्ष हरिबहादुर कार्की विद्यालय र अभिभावककै पहलमा शैक्षिक वातावरण सुधार गरिएका सामुदायिक विद्यालयहरुमा आकर्षण बढेको बताउँछन् । सरकारले निशुल्क शिक्षा घोषणा गरेपनि सबै विद्यालयहरुलाई पूर्वाधारयुक्त बनाउन नसक्दा धेरैमा समस्या रहेको उनको गुनासो छ । उनी भन्छन्, 'अहिले विद्यालय र अभिभावकको सहकार्य भएका सामुदायिक विद्यालयहरुमा पठनपाठन राम्रो छ तर सरकारको मात्र भर परेर बसेका विद्यालयहरुमा विद्यार्थी संख्या घटिरहेका छन् । यस विषयमा सरकारले बेलैमा ध्यान दिनु जरुरी छ ।'

# बन्दैछ मधेशले देशको भूगोल जोगाएको गाथा









नेपाल एकीकरण अभियानमा मधेशी भूमिबाट भएको योगदानबारे युवापुस्तालाई अध्ययन गर्न एउटा गतिलो गन्तव्यका रुपमा उद्यान स्थापना हुन लागेको हो । यसले अढाइ सय पुरानो मधेश सभ्यता, युद्धअभ्यास र नेपाल एकीकरणमा मधेशको योगदानबारे नेपाली पुस्तासँगै संसारलाई नै गतिलो दस्तावेजकै रुपमा उपस्थिति हुनसक्छ भन्ने हाम्रो विश्वास छ । यो हामीले प्रदेश र स्थानीय तहलाई नै हस्तान्तरण गर्नेछौँ ।

**–राजेन्द्र गिरी, बाहिनीपति, बाहिनी २८ अड्डा**

युद्धकालीन प्रस्तरकलाहरु समेटेर नेपाल एकीकरणताका भएका गतिविधिहरुलाई अध्ययन सामग्री हुने गरी एकीकरण स्मृति उद्यान निर्माण भइरहेको हो । हामीले मास्टर प्लानअनुसार काम गरिरहेका छौँ । यो निर्माणपछि स्थानीय तह या प्रदेशलाई नै हस्तान्तरण गरिएपछि सर्वसाधारणका लागि पनि खुला हुनेछ । हाम्रो निगरानी र निरीक्षणमा निर्माण भए पनि यो नेपाली जनताको अमूल्य निधि हो, हामीले निर्माण गरेका हौँ ।

**–अमित श्रेष्ठ, प्रमुख सेनानी, बाहिनी २८ अड्डा**

देश सबैले बनाएका हुन् । इतिहास लेख्ने क्रममा केही छुटे, कोही छुटे । सबैले सकेको लडे, ज्यान दिए, नेपाल एकीकरण अभियानका अगुवा बडामहाराजाधिराज पृथ्वीनारायण शाहले समावेशिता र साझापनाको अभ्यास नेपाल एकीकरणको अभियानक्रममा सँगै थाल्नु भएको थियो । दिव्यउपदेशमै तीन मुस्लिमको नाम उल्लेख छ । नेपाल सबै समुदायको साझा लगानीमा एकीकरण भएको हो । सबैका लागि यो महत्वको हुनेछ ।

**डा. राजेश अहिराज, पूर्व प्रदेश प्रमुख, मधेश प्रदेश**

**मधेशदृष्टि**
**बारा ।**

नेपाल एकीकरण गर्ने अभियानमा बडामहाराजाधिराज पृथ्वीनारायण शाहको योगदानलाई कसैले भुल्न सक्दैनन् । गोरखाका पृथ्वीनारायण शाहले शुरु गरेको नेपाल एकीकरण अभियानअन्तर्गत ससाना राज्यरजौटा एकीकृत हुँदै आजको विशाल नेपाल बनेको हो । शाहीवंशको त्यही विरासत अढाइसय वर्षपछि राजतन्त्रात्मक व्यवस्था ढलेर गणतन्त्रमा प्रवेश गरेको पनि डेढ दशक बितिसकेको छ । तर यो देश बनाउन साँच्चै विगतमा ज्यान दिने, रगत दिने, लड्ने ज्ञातअज्ञात नेपालीबारे अभिलेख के छ त ? के मधेशी जनताले मधेशमा नछेकेका भए आज नेपालको नक्सामा मधेश हुनेथियो ? पक्कै दुश्मन अझ अंग्रेजले नेपालको भूमि पनि हडप्ने थिए ।तरकेसबैसमुदायकोअभिलेखछ त ? तपाईंलाई यस्तै लागिरहेको छ भने अब तपाईंको त्यो इच्छा पनि हेर्न, पढ्न, घुम्न, अध्ययन गर्न पाउने गरी व्यवस्था हुँदैछ । यसका लागि नेपाल सरकारले २०७७ मै शुरु गरेको ‘एकीकरण स्मृति उद्यान’ लगभग तयार हुँदैछ । बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ७ स्थित २८ नम्बर बाहिनी अड्डा परिसरमा ‘एकीकरण स्मृति उद्यान पार्क’ निर्माण भइरहेको छ । नेपाली सेनाको प्रत्यक्ष निरीक्षण र निगरानीमा कार्य भइरहेकाले सरकारले यथेष्ट बजेट दिने बित्तिकै उद्यान बन्नेमा शंका छैन । तर सरकारले नै योजना अनुसार उद्यानलाई बहुवर्षीय बनाए पनि उचित बजेट व्यवस्थापन गर्न नसक्दा काम अल्झिरहेको छ । ‘५५ प्रतिशत भन्दा बढी काम भइसकेको छ,’ बाहिनीका प्रमुख सेनानी अमित श्रेष्ठले भने, ‘भवनहरुको सिमेन्ट जम्न, बस्न समय लाग्ने बाहेक करिब ९० दिनमा हामी काम सकाउन तयार छौँ, बजेट व्यवस्था हुँदा काम रोकिने अवस्थै छैन ।’ श्रेष्ठका अनुसार, यो वर्ष बजेट कम आयो, त्यही भएर सोचेअनुसार काम हुन सकेको छैन ।

नेपाल एकीकरणक्रममा मधेशले दिएको योगदान, मधेशी, मुस्लिम, चौधरी समुदायको तत्कालीन युद्धकला, हातहतियार, इतिहास, धार्मिक मान्यता, कथन, नेपाल आमाका सन्तानहरुको प्रतिनिधिमूलक झलकसहित पूर्णरुपमा जोकोहीलाई अध्ययन गर्न मिल्ने गरी उद्यान निर्माण भइरहेको छ । उद्यानको नारै छ, ‘नेपालको शानः मधेशको पहिचान ।’ ‘दुश्मनसँग लडेर भूमि जोगाएका हुन्, के हतियार थियो होला र ? दुश्मन आए भनेपछि खेतमा काम गर्दागर्दै लडे होलान्, ज्यानको बाजी राखेर लडेर दुश्मनबाट देश जोगाए,’ बाहिनीपति राजेन्द्र गिरीले भने, ‘बाहिनीकै स्वामित्वमा रहेको जग्गामध्ये २ बिघा २ कठ्ठा ३ धुर उद्यानलाई दिएका हौँ, त्यो कालको युद्ध र मधेशी नागरिकले देखाएको वीरताबारे अढाइ शताब्दीपछिका युवापुस्तालाई अध्ययनयोग्य हुने गरी उद्यान निर्माणको काम अघि बढेको छ ।’

उद्यानमा तलेजु भवानीको मन्दिरलाई प्राथमिकतामा राखिएको छ । मधेशका बारा, रौतहटलगायतका गढीहरु, धार्मिक स्थलहरु, युद्धकालीन इतिहासहरु पनि उद्यानमा अभिलेखीकरण हुने छ । उद्यानमा भगवान गौतम बुद्ध, नेपाल एकीकरण अभियानका नेतृत्वकर्ता बडामहाराजधिराज पृथ्वी नारायण शाह, मानकका रुपमा नेपाल आमा, त्यतिखेर लड्ने मधेशी भूमिपुत्र चौधरी लडाकु, मैथिली लडाकु, भोजपुरी लडाकु, मुस्लिम लडाकु र गोर्खाली लडाकुको ढलोटको शालिक राखिने छ । यस्तै, थिएटर, फ्लागल्याण्ड, प्रदर्शनी भवन पनि बन्ने छ । मिथिला आर्ट पनि रहनेछ । आकर्षक लाइटहरु जडान गरिने उद्यान निर्माणपछि देशभरका नागरिकका लागि अध्ययन, अवलोकन, भ्रमण तथा नेपालको मधेशी पाटोबारे अझ तथ्य बाहिर आउने बताइएको छ । ‘नेपाली सेनासँग भएको ऐतिहासिक तस्बिर, हतियार, इतिहास, डकुमेन्ट जे जति छन्, अध्ययनका लागि प्रदर्शन भवनमा राखिनेछ,’ प्रमुख सेनानी श्रेष्ठले भने, ‘यो नेपाल एकीकरणमा मधेश भूमिबाट भएको कार्यको उत्खनन् र प्रकाश पार्ने एउटा कोशेढुगो बनाउने नेपाली सेनाको प्रयास हो ।’

२०७७ वैशाख २७ गते मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले शिलान्यास गरेको उद्यान पछिल्लो वर्ष बजेट अभावमा खास काम हुन नसकेको पाइएको छ । जीतपुर सिमरा उपमहागरपालिकाले २५ लाख रुपैयाँ उपलब्ध गराएको उद्यानका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पनि ५० लाख रुपैयाँ विनियोजन गरेको पाइएको छ । तर उपमहानगरले पैसा ल्याउन सकेको छैन, प्रक्रियामा रहेको बताइएको छ । अघिल्लो वर्ष २ करोड रुपैयाँ प्रदेश सरकारले दिएको थियो । यो वर्ष बजेट अभावले काम प्रभावित भएको छ । २१ करोड ९५ लाख रुपैयाँमा उद्यान बन्ने परियोजना बनाइएको छ ।

‘उद्यान निर्माणको परिकल्पना तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको हो । पृथ्वीनारायण शाहले गरेको नेपाल एकीकरण अभियानमा सबै भूगोलका नागरिकको उत्तिकै योगदान छ,’ मधेश प्रदेशका पूर्व प्रमुख डा. राजेश अहिराजले भने, ‘मधेशी, मुस्लिम समुदायको पनि देश निर्माणमा योगदान छ, उनीहरुलाई देशका अन्य भूगोलमा लगेर काम लगाउने, सिकाउने नेपाली समुदाय घुलमिल गराउने काम भएको हो, उद्यानमा यसको झलक पनि देख्न पाइनेछ, यो नेपाली पुस्ताका लागि एउटा नयाँ उपलब्धी हुनेछ ।’

## नेता महतोको ‘अधुरा क्रान्ति’ सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**

राष्ट्रिय मुक्ति क्रान्ति अभियानका संयोजक राजेन्द्र महतोद्वारा लिखित ‘अधुरा क्रान्ति’ सार्वजनिक गरिएको छ । बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा पुस्तकको नेता महतो, विश्लेषक सिके लाल लगायत विज्ञहरुले सामूहिकरुपमा विमोचन गरे । नेता महतोले मधेश सङ्घर्ष र राजनीतिक जीवनमा भोगेका विभिन्न आयामलाई पुस्तकले उजागर गरेको छ । ‘अधुरा क्रान्ति’मा नेता महतोले आफ्नो राजनीतिक जीवन र मधेशमा उठेको विद्रोहको आवाजलाई बुझ्ने गरी उल्लेख गरेका छन् । पुस्तक विमोचनमा नेता महतोले अधुरा क्रान्ति उत्पीडनमा परेका जनताको पीडाको पुलिन्दा रहेका बताए ।

‘सात वर्षको मेहनतमा तयार गरिएको पुस्तकले उत्पीडनमा परेका जनताको भोगाइ, देखाइ र बुझाइका विषयवस्तुलाई समेटेको छ’, उनले भने । मुलुकमा परिवर्तनका लागि हालसम्म भएका सबैखाले क्रान्ति र सङ्घर्षले उत्पीडनमा परेका जनतालाई न्याय दिन नसकेकाले दाबी गर्दै नेता महतोले ती अधुरा क्रान्तिलाई सम्बोधन गर्न पुस्तक उपयोगी हुने विश्वास व्यक्त गरे । उनले एकल सोच र चिन्तनबाट राज्यसञ्चालन गरिएको जिकिर गर्दै सबै जातजाति, भाषाभाषी, वर्ग र समुदायको भावनालाई राज्य सञ्चालनको हिस्सेदारी हुनुपर्ने धारणा राखे ।

पुस्तकको टिप्पणी गर्दै विश्लेषक सिके लालले अधुरो क्रान्तिले करिब ६५ वर्षे नेपालको राजनीतिक घटनाक्रमलाई मधेशको आँखाबाट हेरिएको र मधेश आन्दोदलनका आयामलाई क्रमबद्ध गरिएको उल्लेख गरे । उनले मधेशका मुद्दालाई अहिलेको अवस्थामा ल्याउन भूमिका खेल्ने अन्य मधेशी नेताहरुलाई पुस्तकमा नसमेटिएको टिप्पणी गरे ।

प्रा डा बालकृष्ण माबुहाङ्ले मधेशको राजनीतिक सङ्घर्ष र मधेशी जनताको पीडालाई उजागर गरिएको पुस्तक पठनीय र सङ्ग्रहणीय रहेको बताए । वरिष्ठ पत्रकार कनकमणि दीक्षितले मधेशी जनताको मुक्तिका लागि सङ्घर्ष गरेका नेता महतोको पुस्तक अधुरा क्रान्ति आधुनिक राजनीतिक इतिहासको साक्षीको रुपमा आएको उल्लेख गरे । मानवअधिकारकर्मी मोहना अन्सारीले नेपालमा वैचारिक, सामाजिक न्यायको क्रान्ति अधुरो छ भन्ने पुस्तकले प्रमाण पेस गरेको बताइन् । पूर्वराजदूत महेश दाहालले मधेशको समग्र समस्या बुझ्न पुस्तक उपयोगी हुने बताए । अभियान्ताद्वय सुमन सायमी र बुद्धछिरिङ मोक्तानले मधेशका अधुरा क्रान्तिलाई पूरा गर्न पुस्तकले प्ररित गर्ने धारणा राखे ।

पुस्तकमा ‘माटो र बाटोको पहिचान’, ‘भाषिक सङ्घर्ष’, ‘पहिचानको सङ्घर्ष’, ‘उदगम र उपेक्षा’, ‘सङ्गत’, ‘विभेदको अन्त्यहीन दुष्चक्र’ लगायत शीर्षकमा लेख समावेश छन् । पाइन प्रकाशन प्रालिले प्रकाशनमा ल्याएको तीन सय ८१ पृष्ठको पुस्तकको मूल्य सात सय ७० रुपैयाँ रहेको छ ।

## एमाले बाराको शपथ ग्रहण सम्पन्न, ‘मिसन–८४’ मा जोड

**संजय तिवारी**
**कलैया ।**

नेकपा एमाले बाराको ११ औं जिल्ला अधिवेशनबाट निर्वाचित कार्यसमितिको सपथ ग्रहण सम्पन्न भएको छ । बुधबार कलैयामा एमालेका केन्द्रीय सचिव तथा मधेश प्रदेश ईन्चार्ज योगेश भट्टराईको प्रमुख अतिथ्यतामा आयोजित कार्यक्रममा नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुले सपथ ग्रहण गरेका हुन् । कार्यक्रममा निर्वाचन समितिका संयोजक अधिवक्ता रफिक अंसारीले अध्यक्ष पदमा निर्वाचित अध्यानन्द पाण्डेयलाई सपथ ग्रहण गराएका थिए, भने पाण्डेयले अन्य पदाधिकारी लगायत १ सय २९ जना सदस्यहरुलाई सपथ ग्रहण गराएका थिए । सपथ ग्रहण पछि बोल्दै अध्यक्ष पाण्डेयले एमालेको मिसन–८४ लाई सफल बनाउन आफ्नो कार्यसमितिले तत्कालै गाउँगाउँसम्म पुग्ने र पार्टीलाई थप मजबुत बनाउन तर्फ लाग्ने बताए । उनले आगामी स्थानीय तथा आम निर्वाचनमा बारा जिल्लालाई लाल किल्ला बनाउने दाबी गरे । ‘हामी आजैदेखि नयाँ जोस तथा उमङ्गका साथ अगाडि बढ्ने छौँ ।’ उनले भने, आगामी तीन महिना भित्र जिल्लाका १६ वटै पालिकाको अधिवेशन सम्पन्न गर्ने तयारी शुरु गर्नेछौँ ।’ पार्टीको केन्द्रीय नेतृत्वको सर्कुलर अनुसार एमालेलाई बारा जिल्लामा नम्बर एक पार्टी बनाउने आफ्नो लक्ष्य रहेको समेत पाण्डेयले बताए । नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै प्रमुख अतिथि भट्टराईले देशको राजनीतिक अवस्था अस्थिर रहेको बताउँदै एमालेले एकल बहुमत नल्याएसम्म स्थायी विकाश र अमन चैन कायम नहुने दाबी गरे । उनले अहिले एमालेको सहयोगमा बनेको केन्द्रको सरकारले कुनै प्रकारको भ्रष्टाचार तथा अपराधलाई प्रोत्साहित नगर्ने बताए । कार्यक्रममा निवर्तमान अध्यक्ष तथा कलैया उपमहानगरपालिकाका मेयर बिनोद साह, पूर्वमन्त्री पुरुषोत्तम पौडेल, नेताहरु मनोज पौडेल, रामदयाल मण्डल लगायतकाले शुभकामना व्यक्त गरेका थिए । गत चैत्र १९ गते शुरु भई २४ गते सम्पन्न भएको अधिवेशनमा अध्यक्ष पदमा पाण्डेयसहित उपाध्यक्षमा भुलन चौधरी, सचिवमा अमृत शर्मा बजगाई, उप–सचिवमा जवाहिर अंसारी, भावना आचार्य लगायत १ सय २९ जनाको कार्यसमिती चयन भएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन